# नेपालमा व्यवसाय गर्दाका व्यवहारिक यथार्थ

डा. दिलीप कुमार अधिकारी, अनिता कृष्णन् र सुरथ गिरी



प्रकाशक
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

# नेपालमा व्यवसाय गर्दाका व्यवहारिक यर्थाथ

डा. दिलीप कुमार अधिकारी, अनिता कृष्णन् र सुरथ गिरी

जुलाई, २०१३

प्रकाशक

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

**प्रकाशक**
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिम्सेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाण्डौ, नेपाल

फोन: (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फयाक्स: (९७७)-१-४४८-५३९१

ईमेल: info@samriddhi.org
वेबसाईट: www.samriddhi.org

© समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

यस प्रकाशनको सर्वाधिकार समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सुरक्षित छ। यस संस्थासँग अनुमति नलिईकन, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुन:प्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन। यसको पुन:प्रकाशन वा पुन:प्रयोगको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सम्पर्क गर्न सकिनेछ।

यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिंग हालेर वितरण गर्न पाईने छैन। अन्यको हकमा पनि यही नियम लागू हुनेछ।

ISBN: ९७८-९९३७-८८०७-५-६

प्रथम संस्करण : जुलाई, २०१३
मुल्य : रु २०० मात्र

# विषयसूची

लेखकहरुको परिचय ख
कृतज्ञता ग
प्राक्कथन ङ
तालिकाहरुको सूची छ

१. **परिचय** १

२. **क्षेत्रगत नियमहरु** ७

३. **अवरोधका मुख्य कारणहरु** २५

४. **निष्कर्ष र सुझावहरु** ३१

सन्दर्भ सामग्रीहरु ३६
अनुसूचीहरु ४०

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन : एक परिचय

# लेखकहरुको परिचय

## डा. दिलीप कुमार अधिकारी

डा. दिलीप कुमार अधिकारी आर्थिक/विकास व्यवस्थापनका विशेषज्ञ हुनुहुन्छ र रणनीतिक योजना, मार्केटिङ्ग र वित्तीय व्यवस्था वहाँको दक्षताका क्षेत्रहरु रहेका छन् । सन् १९७४ मा नेपाल राष्ट्र बैंकबाट आफ्नो पेशागत जीवन सुरु गर्नुभएका डा. अधिकारीले सरकारी निकायहरुका विभिन्न पदमा रहेर काम गरिसक्नुभएको छ र हाल वहाँ नेपाल स्टाफ कलेजका वरिष्ठ निर्देशकका रुपमा कार्यरत हुनुहुन्छ। वहाँ नेपाल उद्योग वाणिज्य महासघंको निर्यात प्रर्वधन समीतिका सह-अध्यक्ष र नेपाल व्यवस्थापन सघंका सदस्य पनि हुनुहुन्छ । वहाँले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरुसँग सल्लाहकार र सहजकर्ताका रुपमा काम गर्नुभएको छ र धेरै अनुसन्धान पत्रहरु पनि लेख्नुभएको छ ।

## सुरथ गिरी

सुरथ गिरी समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा अनुसन्धान संयोजकको रुपमा कार्यरत हुनुहुन्छ । वहाँ यस संस्थाद्वारा प्रकाशित भएका हाते पुस्तक, पकेट बुक र नीतिपत्र जस्ता अनेकन पुस्तकहरुका लेखक हुनुहुन्छ । समृद्धि फाउण्डेशन बाहेक, खबर साउथ एशिया नामक दक्षिण एशियाली अनलाईन म्यागाजिनमा पनि वहाँ संलग्न हुनुहुन्छ। वहाँ स्नात्तक तहका विद्यार्थीहरुलाई उद्यमशीलताको अध्यापन पनि गराउनुहुन्छ ।

## अनिता कृष्णन

अनिता कृष्णन् कानूनमा स्नातकोत्तर उपाधिकालागि अध्ययन गर्दै हुनुहुन्छ। वहाँ समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनद्वारा सञ्चालन हुने अनुसन्धान कार्यहरुमा अनुसन्धान सदस्यको रुपमा कार्यरत हुनुहुन्छ । वहाँसँग नेपालका विभिन्न गैरसरकारी संस्थाहरुमा काम गरेको अनुभव छ । वहाँले सञ्चारको क्षेत्रमा पनि अनुभव संगाल्नु भएको छ । वहाँका लेख र विचारहरु राष्ट्रिय दैनिकहरुमा प्रकाशित छन् ।

# कृतज्ञता

यस अनुसन्धान पत्र "नेपालमा व्यवसाय गर्दाका व्यवहारिक यर्थाथ" समृद्धि फाउण्डेशन र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त प्रयासमा २०११/२०१२ मा प्रकाशित नेपाल आर्थिक वृद्धि एजेण्डा २०१२ (नेगा)मा अध्ययन गरिएका ५ क्षेत्र- कृषि, शिक्षा, पूर्वाधार, जलविद्युत र पर्यटनको विकासमा असर गर्ने भनेर पहिल्याइएका ६ साझा मुद्दाहरु मध्येको एक हो । यो संग्रह तयार गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबैमा हामी धन्यवाद टक्र्याँउछौं । यस अनुसन्धान पत्रलाई निश्चित ढाँचा दिनका लागी आफ्नो मुल्यवान योगदान र निर्देशन दिनु भएका डा. दिलीप कुमार अधिकारी प्रति हामी कृतज्ञ छौं । वहाँको सल्लाह र अथाह ज्ञानले अनुसन्धान सहयोगीहरुलाई विषयवस्तु बुझ्न र विश्लेषण गर्न सहयोग पुऱ्याएको थियो । हामी सुरथ गिरी र अनिता कृष्णन्लाई पनि यस अनुसन्धान पत्र तयार गर्न निरन्तर काम गरेकोमा धन्यवाद दिन चाहन्छौँ ।

यस अनुसन्धान पत्र तयार पार्ने क्रममा हामीलाई सहयोग पुऱ्याउने अनेकन व्यक्ति र संस्थाहरु प्रति हामी आभारी छौ । मुद्दाको पहिचान, प्रक्रियाको मार्गदर्शन लगायत प्रतिक्रिया र टिप्पणी दिन सहयोग गर्ने व्यक्तिहरूविना यो अनुसन्धान पत्र सम्भव हुने थिएन । हामीले धेरै कृषि उद्यमी, शिक्षाविद, वकिल, इन्जिीनियरहरु लगायत अन्य व्यक्तिहरुबाट प्राप्त गरेको परामर्श, अमुल्य जानकारी र धारणाहरुले यस पुस्तक तयार गर्न भूमिका खेलेको छ । हामी श्री पुष्पनाथ ढकाल, श्री निकोलस पाण्डे, श्री सन्तोस भट्टराई र श्री दीप विक्रम विष्टज्यूलाई आफ्नो अमूल्य समय तथा परामर्श दिनुभएकोमा विशेष धन्यवाद दिन चाहन्छौँ ।

यस पुस्तकको सामग्री तयार गर्ने प्रक्रियामा हामीसँग सर्म्पकमा रही जानकारी तथा ज्ञान बाँड्नुहुने नेपालका व्यापारिक समुदायका सदस्यहरु, नेपाल सरकारका प्रशासक र नीति निर्माताहरु र विशेषज्ञहरुप्रति हामी आभारी छौं । वहाँहरुले उपयोगी जानकारी र महत्वपूर्ण सुझावहरु दिएर यसमा समावेश गरिएका सामग्रीलाई गहकिलो बनाउन योगदान दिनुभएको छ ।

अन्त्यमा, समृद्धि फाउण्डेशनमा कार्यरत अनुसन्धान समूह र कार्यालय सहयोगी समूह प्रति हामी विशेष आभारी छौं । वहाँहरुको लगन, अथक परिश्रम र सहयोग विना यो पुस्तक तयार हुने थिएन ।

**समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन**

जुन २०१३

# प्राक्कथन

नेपालमा आर्थिक एजेण्डा उठाउने प्रयासको क्रममा समृद्धि फाउण्डेशनले देशको आर्थिक विकासलाई बाधा पुऱ्याउने तत्वहरूको वार्षिक विश्लेषण गर्ने र नीतिगत विकल्पहरूको खोजमा लाग्ने प्रतिबद्धता लिएको छ। 'नेपाल आर्थिक वृद्धि एजेण्डा (अङ्ग्रेजीमा नेपाल इकोनोमिक ग्रोथ एजेण्डा- नेगा)' भनिने यस प्रक्रियाले नेपालको आर्थिक विकासमा बाधा पुर्‍याउने अल्पकालीन तथा दीर्घकालीन नीतिगत चुनौतीहरुको पहिचान गर्छ। यस अघिको नेपाल आर्थिक वृद्धि एजेण्डा २०१२ ले नेपालको विकासका सम्भावना भएका ५ क्षेत्र (कृषि, शिक्षा, जलविद्युत, यातायात पर्यटन) का विकासमा आएका नीतिगत बाधाहरू पहिचान गरि छलफल गरेको थियो।

त्यही अनुसन्धानको नयाँ संस्करण, यस नेपाल आर्थिक वृद्धि एजेण्डा २०१३, ती ५ वटै क्षेत्रका विकासमा बाधा पुर्‍याउने मुद्दाहरूको पहिचान र चर्चा गर्नमा केन्द्रित छ। यसका साथै, यो अनुसन्धानले ती मुद्दाहरूमा देखिएका चूनौतीहरुलाई सम्बोधन गर्नका लागि सुझावहरु पनि पेश गरेको छ। नेगा २०१३ मा अध्ययन गरिएका ६ मुद्दाहरू औद्योगिक सम्बन्ध, करार कार्यान्वन्यन, प्रतिस्पर्धा विरोधी आचरण, प्रत्यक्ष वैदेशीक लगानी, सार्वजनिक संस्थान र व्यवसायका लागि नियमनकारी वातावरण हुन्। प्रत्येक अनुसन्धान पत्र उक्त क्षेत्रका विशेषज्ञहरूका साथ परामर्श गरी तयार पारिएको हो। यी ६ मुद्दाहरू २०१३ को अन्त्यमा सँगै राखेर 'नेगा २०१३' भनेर प्रस्तुत हुनेछन्।

नेपालमा व्यवसाय गर्दाका व्यवहारिक यर्थाथ सम्बन्धीको यो अनुसन्धान पत्र डा. दिलीप कुमार अधिकारी, अनिता कृष्णन् र सुरथ गिरीको टोलीद्वारा तयार गरिएको हो। यो अनुसन्धान पत्रले व्यवसायिक नियमनहरु र कर्मचारीतन्त्रबाट गरिने स्वेच्छाचारी निर्णयहरुमाथि चर्चा गर्छ, जुन नेपालको अर्थव्यवस्थाका विभिन्न क्षेत्रहरुलाई असर गर्ने ६ वटा मुद्दाहरु मध्ये एक हो।

१९९० को दशकको आर्थिक सुधार सँगै नेपालले बजारमा आधारित अर्थ व्यवस्था अपनाएअनुसार बजार अर्थ व्यवस्थाको एउटा प्रमुख विशेषता उद्यम गर्न पाउने स्वतन्त्रता हो । यसको लागि सरकारबाट अत्याधिक नियमहरु लागु गर्न नहुने पूर्वास्था जरुरी हुन्छ । गरिब देशहरुले आफ्नो अर्थतन्त्रलाई बढी नियमित गरेको पाइन्छ र भारी नियमहरुको कारणले प्रायःजसो सार्वजनिक संस्थाहरुको दक्षता घट्छ भनेर धेरै अध्ययनहरुले देखाएका छन् । यसो हुनाले सार्वजनिक संस्थाहरुमा ढिलाई हुनुका साथ-साथै लागतमा वृद्धि भएको पाइन्छ । यसका साथै यसले बेरोजगारी बढाउँछ, भष्ट्राचारको दरमा वृद्धि ल्याँउछ र लगानी र उत्पादन पनि घटाउछ (World Bank, 2004)।

धेरैजसो राष्ट्रिय र अन्तर्राष्ट्रिय उद्यमीहरुका अनुसार नेपालमा व्यवसाय गर्दा आउने मुख्य बाधा कर्मचारीतन्त्रले ल्याउने ढिलाई हो । कर्मचारीतन्त्रमा हुने ढिलाई प्रायःजसो कानूनमा हुने कमी कमजोरी र कानूनले कर्मचारीलाई प्रदान गरेको विवेकाधीन अधिकारको परिणाम हो । यी प्रावधानहरुले भ्रष्टाचारका लागि बाटो बिस्तार गर्छ ।

यस अनुसन्धान पत्रमा हामी नेपालको अर्थतन्त्रको पाँच क्षेत्रमा व्यवसाय गर्दा कर्मचारीतन्त्रले ल्याउने बाधाहरुको विश्लेषण गर्छौं । सामान्यीकरणबाट बच्न र निश्चित समस्याहरुको प्रकृतिमा प्रकाश पार्न हामीले हरेक क्षेत्रले प्रदान गर्ने एउटा विशेष उत्पादनलाई छानेका छौं - कृषि (बीउ उद्यमको समीक्षा), शिक्षा (उच्च माध्यमिक तह बाहेकका विद्यालयहरुको समीक्षा), ऊर्जा (जलविद्युतमा लाइसेन्स दिने प्रक्रियाको समीक्षा), पूर्वाधार ( निर्माण कम्पनीको समीक्षा) र पर्यटन (टुर र ट्राभ्लस कम्पनीको समीक्षा) ।

यस अनुसन्धान पत्रले माथि उल्लेखित उत्पादन र सेवासँग सम्बन्धित उद्यमहरुमा विद्यमान समस्याहरुको पहिचान गरेर ती समस्याहरुको कारणहरुको विश्लेषण गर्नुका साथै यिनको समाधान तथा यी क्षेत्रहरुमा उद्यमशिलताको विकासका लागि आवश्यक पहलहरुकाबारे सुझावहरु दिएको छ ।

## तालिकाहरुको सूची

तालिका १: डुईङ्ग बिजनेस प्रतिवेदनमा नेपालको अवस्था २

तालिका २: बीउ उद्यमहरुका लागि दर्ता आवश्यकताहरु ९

तालिका ३: निजी विद्यालयहरुका लागि दर्ता आवश्यकताहरु १२

तलिका ४: जलविद्युत उत्पादन सर्वेक्षणका लागि दर्ता आवश्यकताहरु १६

तालिका ५: ट्राभल एजेन्सीहरुहरुका लागि दर्ता आवश्यकताहरु २२

# १. परिचय

अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको सन् १९८० को दशकमा शुरु भएको संरचनात्मक समायोजन कार्यक्रम (Structural Adjustment Program)बाट पहल गरिएको आर्थिक सुधारको बेलादेखि नेपालमा खुल्ला तथा निर्यातमुखी आर्थिक व्यवस्था अनुसरण गर्ने प्रयासको शुरुवात भएको थियो । यसै अनुरुप आयातमा रहेका धेरै प्रतिबन्धहरु हटाउने, भन्सार दर घटाउने लगायत औद्योगिक लाइसेन्स प्रणालीमा सुधार गर्ने तथा देशमा वैदेशिक लगानी गर्ने अनुमति दिने कामहरु भएका छन् । निजी क्षेत्रलाई नेपाली अर्थ व्यवस्थाको एउटा प्रमुख स्तम्भको रुपमा पहिचान गरिएको छ । २००४ मा नेपाल विश्व व्यापार संघको १४७ औँ सदस्यको रुपमा आबद्ध पनि भयो । यसबाट नेपाल अति कम विकसित राष्ट्रहरुमध्ये आबद्धताको प्रक्रिया पूरा गरेर विश्व व्यापार संघमा आबद्ध हुने पहिलो राष्ट्र बन्यो ।

बजारमा आधारित अर्थ व्यवस्थाको एउटा प्रमुख विशेषता उद्यम गर्न पाउने स्वतन्त्रता हो जसको लागि उद्यमीहरुले सरकारको तर्फबाट अत्याधिक नियमनको बन्धन सामना नगर्नु जरुरी हुन्छ । गरिब देशहरुले आफ्नो व्यवसायलाई बढी नियमित गरेका हुन्छन् र भारी नियमहरुको कारणले प्रायःजसो सार्वजनिक संस्थाहरुको दक्षता घटछ भनेर धेरै अध्यनहरुले देखाएका छन् । यसो हुनाले सार्वजनिक संस्थाहरुमा ढिलाई हुनुका साथ-साथै लागत पनि उच्च भई यसले बेरोजगारी बढाउँछ, भष्ट्राचारको दरमा वृद्धि ल्याँउछ र लगानी र उत्पादन पनि घटाँउछ (World Bank , 2004)। यस सन्दर्भमा प्रतिस्पर्धा र व्यवसाय गर्नका लागि सहज वातावरण प्रर्वद्धन गर्ने उद्देश्यका साथ उदारीकरणको ढाँचामा रहेर बजार मैत्री आर्थिक व्यवस्था अपनाएता पनि नेपाल यसमा अपवाद होइन ।

विकासशील राष्ट्रहरुमा व्यवसाय गर्ने सहजताका विषयमा अध्ययन गरी नियमनहरु तथा व्यवसायिक वातावरणको विषयमा जानकारी दिने प्रभावशाली अध्ययन विश्व बैंकको डुइङ्ग विजनेस रिपोर्ट हो । यस रिपोर्टले व्यवसायका ११ क्षेत्रहरुको मापन गर्दै परिवर्तनको लेखाजोखा राख्छ । यी ११ क्षेत्रहरु यस प्रकार छन् - व्यवसाय सुरु गर्नु, निर्माण अनुमति, बिजुली प्राप्त गर्नु, सम्पत्ति दर्ता गर्नु, उधारो पाउनु, लगानीकर्ताको सुरक्षा, कर तिर्नु, सीमापार व्यवसाय, करार कार्यान्वयन, दामासाही हल र श्रमिकलाई रोजगार । अध्ययन गरिएका १८५ अर्थतन्त्रहरुमध्ये नेपाल व्यवसाय गर्ने सहजतामा १०८ औँ स्थानमा पर्छ (World Bank , 2013)।

## तालिका १: डुईङ्ग बिजनेस प्रतिवेदनमा नेपालको अवस्था

| व्यवसाय शुरुवात (श्रेणी) | १०५ |
|---|---|
| प्रक्रियाहरु (संख्या) | ७ |
| समय (दिन) | २९ |
| खर्च (प्रति व्यक्ति आयको प्रतिशत) | ३३.० |
| न्यून्तम लागत (प्रति व्यक्ति आयको प्रतिशत) | ०.० |

| निर्माण अनुमति (श्रेणी) | ९७ |
|---|---|
| प्रक्रियाहरु( संख्या) | १३ |
| समय (दिन) | ११५ |
| खर्च (प्रति व्यक्ति आयको प्रतिशत) | ६५४.६ |

| बिजुली पाउनु (श्रेणी) | ९६ |
|---|---|
| प्रक्रियाहरु( संख्या) | ५ |
| समय (दिन) | ७० |
| खर्च (प्रति व्यक्ति आयको प्रतिशत) | १७६२.८ |

| सम्पत्ति दर्ता (श्रेणी) | २१ |
|---|---|
| प्रक्रियाहरु( संख्या) | ३ |
| समय (दिन) | ५ |
| खर्च (प्रति व्यक्ति आयको प्रतिशत) | ४.९ |

| ऋण पाउनु (श्रेणी) | ७० |
|---|---|
| कानूनी अधिकार सुनिश्चिचता सुचाङ्क (०-१०) | ७ |
| ऋण सूचना पहुँच सुचाङ्क(Depth of credit information index) (०-६) | ३ |
| सार्वजनिक दर्ता क्षेत्र (वयस्कहरुको %) | ०.० |
| निजी विभागको क्षेत्र(वयस्कहरुको %) | ०.५ |

| लगानीकर्ताहरुको सुरक्षा (श्रेणी) | ८२ |
|---|---|
| खुलासा सुचाङ्क(Disclosure index) को सीमा (०-१०) | ६ |
| निर्देशक दायित्व सुचाङ्क (Director liability index) को सीमा (०-१०) | १ |
| शेयरहोल्डर सुट्स सुचाङ्क(Shareholder suits index) को सीमा (०-१०) | ९ |
| लगानीकर्ता सुरक्षाको सबलताको सुचाङ्क को सीमा (०-१०) | ५.३ |

| कर तिर्नु (श्रेणी) | ११४ |
|---|---|
| भुक्तानी (वर्ष) | ३४ |
| समय (घण्टा प्रति वर्ष) | ३२६ |
| कुल कर दर (नाफाको %) | ३१.५ |

| सीमापार व्यापार (श्रेणी) | १७१ |
|---|---|
| निर्यात गर्नका लागि कागजपत्र (संख्या) | ११ |

| | |
|---|---|
| निर्यात गर्दा लाग्ने समय (दिन) | ४१ |
| निर्यात गर्दा लाग्ने खर्च (प्रति कन्टेनर अमेरिकी डलर) | १९७५ |
| आयात गर्नका लागि कागजपत्र (संख्या) | ११ |
| आयात गर्दा लाग्ने समय (दिन) | ३८ |
| आयात गर्दा लाग्ने खर्च (प्रति कन्टेनर अमेरिकी डलर) | २०९५ |

| करार कार्यान्वयन (श्रेणी) | १३७ |
|---|---|
| प्रक्रियाहरु (संख्या) | ३९ |
| समय (दिन) | ९१० |
| खर्च (दावीको प्रतिशत) | २६.८ |

| दामासाही हल (श्रेणी) | १२१ |
|---|---|
| समय (दिन) | ५.० |
| खर्च (भौतिक सम्पत्तिको प्रतिशत) | ९ |
| असुली दर (सेन्ट प्रति डलर) | २४.५ |

स्रोतः डुइङ्ग विजनेस २०१३, विश्व बैंक

डुइङ्ग विजनेस रिपोर्ट संसारभरिकै राष्ट्रहरुको व्यवसाय वातावरण मूल्याङ्कन गर्ने प्रभावकारी उपकरण भएको छ, विशेष गरी विकासशील राष्ट्रहरुको यस रिर्पोट रुवान्डा जस्ता राष्ट्रहरुमा सुधारको पहलका लागि निर्देशन दिने मार्गदर्शक पनि भएको छ। यद्यपि, यस रिपोर्टद्वारा लिइएको मात्रात्मक तरिकाले व्यवसायिक वातावरणमा गम्भीर बाधा पुऱ्याउर्ने विभिन्न व्यवहारिक पक्षहरु साथ-साथै व्यवसायिक नियमका पनि व्यवहीरक पक्षहरुलाई समेटदैन । केही शिक्षविदहरुले रिपोर्टमा साना तथा मझौला उद्यममा ध्यान नपुगेको र यस्तो प्रणाली व्यवसाय गर्दाको लेनदेन लागतको असर समावेश गर्नमा असक्षम भएको कारणले यसको Ranking Techniques (क्रम प्रणाली) माथी चिन्ता व्यक्त गरेका छन् (Kaplan, 2013)।

धेरैजसो राष्ट्रिय र अन्तर्राष्ट्रिय उद्यमीहरुका अनुसार नेपालमा व्यवसाय गर्दा आउने मुख्य बाधा कर्मचारीतन्त्रले ल्याउने ढिलाई हो । कर्मचारीतन्त्रमा हुने ढिलाई प्रायःजसो कानूनमा हुने कमी कमजोरी र कानूनले कर्मचारीलाई प्रदान गरेको विवेकाधीन अधिकारको परिणाम हो । यी प्रावधानहरुले भष्ट्राचारका लागि बाटो विस्तार गर्छन् ।

यस अनुसन्धान पत्रमा हामी नेपालको अर्थतन्त्रको पाँच क्षेत्रमा व्यवसाय गर्दा कर्मचारीतन्त्रले ल्याउने बाधाहरुको विश्लेषण गर्छौं । सामान्यीकरणबाट बच्न र निश्चित समस्याहरुको प्रकृतिमा प्रकाश पार्न हामीले हरेक क्षेत्रले प्रदान गर्ने एउटा विशेष उत्पादनलाई छानेका छौं - कृषि (बीउ उद्यमको समीक्षा), शिक्षा (उच्च माध्यमिक तह बाहेकका विद्यालयहरुको समीक्षा), ऊर्जा (जलविद्युतमा लाइसेन्स दिने प्रक्रियाको समीक्षा), पूर्वाधार ( निर्माण कम्पनीको समीक्षा) र पर्यटन (टुर र ट्राभ्लस कम्पनीको समीक्षा) । उद्यम दर्ता गर्दा र चलाउँदाको नियमनसम्बन्धी समस्याहरु क्षेत्र अनुसार भिन्न भिन्न भएता पनि व्यवसायबाट बाहिर निस्किँदाको समस्या भने उस्तै हुन्छन् । कर निहितार्थ, श्रमका मुद्धाहरु, महँगो र लामो समय लाग्ने परिसमापन प्रक्रिया सबै क्षेत्रका उद्यमहरुले सामना गर्ने साझा समस्याहरु हुन् ।

# २. क्षेत्रगत नियमहरु

## कृषि (बीउ)

कृषि नेपाली अर्थव्यवस्थाको सबैभन्दा प्रमुख क्षेत्र हो जसले नेपालको अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादनमा ३५% योगदान दिएको छ । हालका वर्षहरुमा यस क्षेत्रको विकास दर ३% को हाराहारीमा रहेको पाइन्छ (World Bank, 2011)। नेपालको कृषि क्षेत्र अधिकांश रुपमा अनौपचारिक छ र यसले श्रमशक्तिको ६६% लाई रोजगारी प्रदान गरेको छ । विस्तृत रुपमा हेर्दा, कृषिलाई पशुजन्य उत्पादन र फसल खेतीमा वर्गीकृत गर्न सकिन्छ । नेपालमा औपचारिक क्षेत्रका कृषि उद्यमहरु धेरैजसो दूध, चीज र मासु उत्पादन जस्ता पशुजन्य उत्पादन र चिनी, चकलेट र बिस्कुट जस्ता मिठाइका परिकारहरुमा केन्द्रित रहेका पाइन्छन् । तसर्थ, औपचारिक क्षेत्रले पशुजन्य उत्पादन अपनाइरहेको खण्डमा बाली खेती मुख्यतः अनौपचारिक अर्थतन्त्रको दायरामा रहेको छ । यसो भए तापनि चिया र कफी जस्ता नगदे बालीको खेतीमा औपचारिक उद्यमहरुको ठूलो उपस्थिति रहेको छ र यी बालीहरु नेपालको प्रमुख निर्यात बन्न पुगेका छन् । नेपालमा कृषि उद्यमहरुले सामना गर्ने मुख्य बाधाहरुमा उपयुक्त भुमिमा पहुँचको कमी, विस्तृतीकरणका लागि आवश्यक ऋणको पहुँचमा कमी, उपकरणहरुको पाठपूर्जाको कमी, उपकरणहरुको मर्मतमा आवश्यक मानवपुँजीको कमी र ऊर्जाजस्ता आवश्यक पूर्वाधारमा कमी हुन् (NEGA, 2012) ।

प्रायःजसो खेतीमूलक गतिविधिहरुमा व्यवसायिक दृष्टिकोणको कमी भएको कारणले कृषि क्षेत्र र विशेष गरी खेतीबाट आउने प्रतिफल निकै नै कम रहेको छ । कृषि कामदारको प्रति व्यक्ति कूल गार्हस्थ्य उत्पादन केवल १४०

अमेरिकी डलर छ (Ministry of Finance, 2008)। द्रुत जनसंख्या वृद्धिका कारणले जमिनको विखण्डीकरण बढ्दो छ। नेपालमा प्रति घरधुरी औसत जग्गाको स्वामित्व करिव ०.८ हेक्टर रहेको छ (Central Bureau of Statistics,2002) जुन कम उत्पादकत्वको प्रमुख कारणहरु मध्ये एक हो । यसो भएता पनि यस क्षेत्रमा सिचाँई, कृषि सडकहरु, भूमि सुधार, कृषि यान्त्रीकरण,उन्नत बीउ र मल लगायत अन्य आधुनिक प्रविधिको प्रयोग गरिएमा उत्पादकत्व बढाउने ठूलो संभाव्यता छ (Joshi, Conroy & Witcombe 2012)।

नेपालमा कृषिको विकासमा बीउ उत्पादनले प्रमुख भूमिका निर्वाह गरेको छ । नेपालमा वार्षिक बीउ आवश्यकताको करिब २-५ प्रतिशत घरेलु खेतीद्वारा उत्पादन गरिएको वा आयात गरिएको बीउको औपचारिक व्यवसायको माध्यमबाट पूर्ति हुने गरेको छ र बाँकी आवश्यकता कृषकहरुबीचको अनौपचारिक लेनदेनबाट पूर्ति हुने गर्दछ (Gautam 2008)। अनौपचारिक व्यवसायको प्रभुत्वका कारणले नेपालमा बीउ प्रतिस्थापन दर निकै कम छ (Seed Replacement Rate- SSR)। उदाहरणका लागि, चामल, जुन नेपालको प्रमुख बाली मध्ये एक हो, यसको बीउ प्रतिस्थापन दर केवल ८.७% रहेको छ (Sapkota, Regmi, Pandey &Tripathi, 2011)।

बीउ खेती र बीउ व्यवसायको नियमनहरुमा बीउ बिजन ऐन, २०४५ (२०६४मा संशोधित), बीउ बिजन विनियम,२०५४ र राष्ट्रिय बीउ बिजन नीति, २०५६ पर्दछन् । त्यसैगरी नेपाल सरकारले दिगो बीउ व्यवस्थाको विकासमा योगदान पुऱ्याउने उद्देश्यले एप्रिल २०१३मा राष्ट्रिय बीउ बिजन परिकल्पना २०१३-२०२५ (National seed vision 2013-2025) तयार गऱ्यो । बीउ बिजन ऐनको प्रावधान अनुरुप राष्ट्रिय बीउ बिजन बोंडको स्थापना पनि गरिएको थियो जसले गुणस्तर नियन्त्रण गर्ने, नयाँ बीउलाई स्वीकृति दिने र दर्ता गर्ने, मापदण्ड तोक्ने र बीउ प्रमाण पत्र दिने गरेको छ ।

तालिका २: बीउ उद्यमहरुका लागि दर्ता आवश्यकताहरु

| उद्यमको प्रकार | अनुमतिपत्र दिने निकाय | आवश्यकता |
|---|---|---|
| बीउ उत्पादन | बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | • नागरिकता प्रमाणपत्र<br>• पासपोर्ट साइज फोटो(२)<br>• शुल्क तिरेको रसिद<br>• कम्पनी वा व्यवसाय दर्ता प्रमाणपत्र<br>• कर दर्ता प्रमाणपत्र<br>• जिल्ला कृषि कार्यालयको सिफारिश |

स्रोतः नेपाल बिजनेस लाइसेन्स विद्युतिय-पोर्टल

सन् १९९८ सम्म बीउ उत्पादन र व्यापारमा निजी क्षेत्रको भागीदारीको लागि प्रावधान थिएन किनभने यो उद्योगमा पुर्णतया नेपाल कृषि अनुसन्धान केन्द्रको वर्चस्व थियो । राष्ट्रिय बीउ बिजन नीति, २०५६ ले बाली विविधताको विकास र व्यापारमा निजी क्षेत्रको भागेदारी हुनुपर्छ भन्ने प्रावधान राखेर निजी क्षेत्रको भागेदारीको सुरुवात गर्‍यो । सो नीतिका अनुसार, भण्डारण सुविधाहरु र बीउ उत्पादनका रिफाइनेरीहरुको सेवा निजी निकायहरुलाई हस्तान्तरण गर्ने प्रावधान आयो । यसका साथै यस सन्दर्भमा बन्दकी संयन्त्र, जहाँ बन्दकले भारी ब्याज दर तिर्नु पर्थ्यो, त्यहाँ सुधार ल्याएर सरकारले मंहगो व्याजदरलाई अनुदान मार्फत संतुलित गर्ने प्रावधान ल्यायो र बीउ उद्यमीहरुलाई भन्सार र करमा अनुदानका साथै व्यवसायीहरुलाई तालिम दिने प्रावधान पनि उक्त नीतिले ल्याएको थियो ।

यस पत्रमा परामर्श प्रदान गर्नुहुने उद्यमीहरुका अनुसार यी प्रावधानहरु लागु त गरिएका छन् तर यी देशभर समान छैनन् । भण्डारण सुविधाहरु र रिफाइनेरीहरु प्रायःजसो सरकारबाट अनुदान प्राप्त गर्ने सहकारी समितिहरुको मातहतमा काम गर्छन् । यसै गरी, कृषि उत्पादनहरुमा भन्सार शुल्कमा छुट प्रदान

गरिएको छ। यसो भएता पनि यी उत्पादनहरुमा अफ्म पनि मुल्य अभिवृद्धि कर लाग्छ। निजी क्षेत्रका लागि बीउ व्यवसाय खोलिएता पनि डिसेम्बर, २०१२ सम्म नेपालमा केवल १६ वटा मात्र दर्ता गरिएका बीउ कम्पनीहरु छन् ( Joshi, Conroy & Witcombe, 2012) । यी कम्पनीहरु मुख्यतः चामल, गहुँ, मकै र तरकारीहरुको बीउमा व्यवसाय गर्छन् । नेपालमा प्रायःबीउ उद्यमहरु बीउको उत्पादन र व्यवसाय दुवैमा सामिल छन् ।

नेपालमा निजी बीउ उद्यमीहरुले सामना गर्ने केही नीतिगत बाधाहरु निम्न लिखित छन् :-

- हालको समयमा नेपाल कृषि अनुसन्धान परिषद् बीउको प्रथकता, एकरुपता र स्थिरताको तथ्याङ्क निकाल्न जिम्मेवार छ र यो परिषद् नयाँ बाली उत्पादन ९ऋचयउ दचभभमष्लन० र विविध बीउ निकाल्ने ९ख्बचष्भतथ च्भभिबकष्लन० प्रमुख संस्था पनि हो । यसको कारण यस संस्थाको स्वार्थ बाभ्फिएको ९ऋयलाष्अित या ष्लतभचभकत० देखिन्छ ९व्यकजष्, ऋयलचययथ ७ ध्ष्तअयफदभ , द्दण्ज्ञद्द०।
- यस अनुसन्धान पत्रको तयारीका दौरान परामर्श दिने उद्यमीहरुले पनि नेपाल कृषि अनुसन्धान परिषद्बाट नयाँ किसिमको बीउ अनुमोदनमा ढिलाई भएकोमा गुनासो जाहेर गरेका छन् । उनीहरुका अनुसार एउटा नयाँ बीउको अनुमोदनका लागि २-३ वर्ष लाग्छ । यो समयावधी साना बीउ उद्यमीहरुका लागि उपयुक्त हुँदैन ।
- राष्ट्रिय बीउ बिजन नीतिमा बीउ प्रमाणीकरणको विकल्पका रुपमा ुतचगतजार्गा बिदर्भाष्लिनुको प्रावधान छ । लागू भएको खण्डमा यो प्रावधानले बीउ उद्यमीहरुलाई अधिक लचिलोपन प्रदान गर्ने थियो । यस भएता पनि यस प्रावधानको लोकप्रियता र कार्यान्यवनमा कमीका कारणले बजार खुल्ला गर्नमा रोक लगाएको छ ।
- उत्तर प्रदेश, विहार र पश्चिम बंगालबाट अनौपचारिक रुपमा नेपालमा बीउ आयात गर्ने गरिएको छ। बजार अनुगमनको कमीको कारणले कृषकहरुले

प्रायः प्रतिष्ठित ब्रान्डहरुको नाममा निकालिएका नक्कली बीउको प्रयोग गर्नु परेको छ । यस्तो व्यापार अनौपचारिक र गैर कानुनी माध्यमबाट गरिने हुनाले यस्तो बीउको प्रयोगबाट हुने हानीको लागि कुनै पनि पक्षलाई जिम्मेवार ठहऱ्याउन सकिँदैन ।

## शिक्षा (विद्यालयहरु)

शिक्षा आर्थिक विकासको लागि एक पूर्वाधार मानिन्छ । शिक्षित र कुशल मानव संसाधन संसारको कुनै पनि अर्थव्यवस्थाका लागि अत्यावश्यक स्रोत हो । नेपालमा पनि शिक्षाको क्षेत्रलाई प्राथमिकता दिइएको छ । सन् १९५१ सालमा लोकतन्त्रको आगमन सँगै शाही र राणा परिवार बाहिर पनि शिक्षामा पहुँच विस्तृत भयो । विद्यालयहरुको संख्यामा तीव्र वृद्धि आयो । यस्ता विद्यालयहरु गैर-सरकारी विद्यालय भनेर चिनिन्थे नकि निजी विद्यालय भनेर । सन् १९७१मा भने यो प्रचलन रोकियो किनभने शिक्षा ऐन, १९७१ले त्यसबेलाका सबै विद्यालयहरुलाई राष्ट्रियकरण गऱ्यो । तर जब सरकारले शिक्षाको मागको तुलनामा आफ्नो प्रयास र अगुवाई अपर्याप्त भएको पायो, तब शिक्षा ऐन १९८० मा संशोधन गरियो र यसले निजी विद्यालयहरुको लागि बाटो पुनः खोलिदियो (NEGA , 2012)।

सन् १९९० मा लोकतन्त्रको पुनःस्थापना पश्चात नेपालमा निजी विद्यालयहरुको बढ्दो प्रसार देखियो । शिक्षा मन्त्रालयको अनुसार हालको समयमा नेपालमा १०,४७८ निजी विद्यालयहरु छन् जसमध्ये २३०६ विद्यालयहरुले माध्यमिक स्तरको शिक्षा प्रदान गर्छन (Ministry of Education and Sports, 2011)। सरकारी विद्यालयहरुको नराम्रो प्रदर्शनका कारण अधिकतम आमा-बुबा निजी शिक्षण संस्थाहरुको चयन गर्न थालेका छन् । नेपालमा शिक्षण संस्थाहरुको करिब १५% निजी क्षेत्रद्वारा संचालित छन् । यसो भएता पनि नेपालमा कुल विधार्थीहरुको एक चौथाई यी निजी विद्यालयहरुमा जान्छन् ।

नेपालमा निजी शिक्षण संस्थाहरुको दर्ता, र अनुगमनका लागि जिम्मेवार निकायहरु जिल्ला शिक्षा निर्देशनालय र शिक्षा विभाग हुन् । कक्षा १०

तालिका ३: निजी विद्यालयहरुका लागि दर्ता आवश्यकताहरु

| विद्यालयको प्रकार | अनुमतिपत्र प्रदान गर्ने निकाय | आवश्यकताहरु |
|---|---|---|
| प्राथमिक स्तर विद्यालय | जिल्ला शिक्षा कार्यालय | • निवेदन<br>• निरिक्षण प्रतिवेदन<br>• शिक्षा ट्रष्टको अधिनियम वा कम्पनीको ज्ञापनपत्र र अंतर्नियमको प्रतिलिपिहरु<br>• वहालमा लिइएको जग्गा र भवन भएमा जग्गा धनी सगं कम्तिमा पनि ५ वर्ष सम्म करार गरिको कागजपत्र<br>• प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा<br>• कम्पनी वा शैक्षिक ट्रष्टको दर्ता प्रमाणपत्र<br>• कर दर्ता प्रमाणपत्र<br>• ने.रु. ५०,००० को अनुमतिपत्र शुल्क |
| माध्यमिक तह विद्यालय | जिल्ला शिक्षा कार्यालय | • निरिक्षण प्रतिवेदन<br>• वहालमा लिइएको जग्गा र भवन भएमा जग्गा धनी सगं कम्तिमा पनि ५ वर्ष सम्म करार गरिको कागजपत्र<br>• प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा<br>• कम्पनी वा शैक्षिक ट्रष्टको दर्ता प्रमाणपत्र<br>• सम्बन्धित जिल्ला शिक्षा समिति/ नगरपालिकाको सिफारिस<br>• नजिकका दुई विद्यालयहरुको सिफारिस<br>• प्यान दर्ता<br>• ने.रु. १५०,००० (निम्न माध्यमिक) र ने.रु. २००,००० (माध्यमिक) को अनुमतिपत्र शुल्क |

स्रोत: नेपाल बिजनेस लाइसेन्स विद्युतिय-पोर्टल

सम्म संचालन गर्ने शिक्षण संस्थाहरुको दर्ता शिक्षा ऐन, २०२८ (१९७१) भाग ३, शिक्षा नियमहरु, २०५९ (२००२) नियम ३ ले निर्देशित गरेका छन् । प्राथमिक शिक्षा उपलब्ध गराउने विद्यालयहरुले केवल जिल्ला शिक्षा कार्यलायमा दर्ता गराए पुग्छ र केवल, ने.रु ५०,००० लाइसेन्सको लागि तिरे पुग्छ ।

माध्यमिक शिक्षा प्रदान गर्ने विद्यालयहरु भने क्षेत्रिय शिक्षा निर्देशनालय र शिक्षा विभागसँग दर्ता हुन जरुरी छ र लाइसेन्सका लागि निम्न माध्यमिक विद्यालयहरुले ने. रु. १,५०,००० र माध्यमिक विद्यालयहरुको ने.रु. २,००,००० बुझाउनु पर्ने हुन्छ ।

नेपालमा निजी शिक्षा उद्यमीहरुले सामना गर्ने केही नीतिगत बाधाहरु निम्न लिखित छन् :

- कक्षा ६ देखि कक्षा १० संचालन गर्ने माध्यमिक स्तरको विद्यालय खोल्नको अनुमति पाउनका लागि एउटा उद्यमीले सो वडामा भएका नजिकैका २ वटा अरु विद्यालयहरुबाट सिफारिस लिनुपर्ने हुन्छ । सो वडामा अरु पुराना विद्यालयहरु नभएको खण्डमा, विद्यालयको प्रवर्तक सो आवश्यकता पूर्ति गर्नबाट मुक्त हुन्छन् । यस्तो प्रावधानले सिफारिस लिने र दिने विद्यालयबाट बीच स्वार्थ बाझिने अवस्थाको सिर्जना गर्नुका साथ-साथै प्रतिस्पर्धा विरोधी व्यवहारलाई प्रोत्साहित गर्छ ।
- अन्य निजी कम्पनीहरुमा भएझैं शैक्षिक संस्थाहरुमा २५ प्रतिशत आयकर लगाइन्छ । यसका साथै, सरकारले १ प्रतिशतको शिक्षा सेवा कर पनि आरम्भ गरेको छ जसका कारण निजी शिक्षण संस्थाहरुको संचालन लागत बढेको छ ।
- निजी क्षेत्रका विद्यालयहरुले लिने शुल्क समय-समयमा सरकारले नियन्त्रित गर्ने गरेको छ र कतिपय मामिलाहरुका सर्वोच्च अदालतले निजी शिक्षण संस्थाहरुलाई शूल्क वृद्धि गर्न दिने वा नदिने भनेर निर्णय गर्ने गरेको छ (Adhikari,2013)।
- सामुदायिक विद्यालयहरुमा निजी शिक्षण संस्थाहरुबाट प्रतिस्पर्धाको डरले, सरकारी निकायहरुले नयाँ निजी क्षेत्रका विद्यालयहरुको दर्ता

रोकेका छन (Republica,2013)। यसो गर्नाले नयाँ शिक्षा उद्यमीहरुलाई यस क्षेत्रमा आउनुबाट हतोत्साहित मात्र नभई धेरै जनाले शिक्षण संस्थाको लाइसेन्स महँगो मूल्यमा बेच्न पाइन्छ भनेर लाइसेन्स होल्ड गरी आफैसँग राख्ने जस्ता क्रियाकलाप पनि निम्त्याएको छ ।

- संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ ले जारी गरेको प्रावधान अनुसार सबै निजी विद्यालयहरुको हरेक कक्षामा कम्तिमा पनि २२ जना विघार्थीहरु, प्राथमिक विद्यालयमा ११५ विद्यार्थीहरु, निम्न माध्यमिकमा १६५ र माध्यमिक विद्यालयमा २२० विद्यार्थीहरु हुनु अनिवार्य छ । कतिपय अवस्थामा एउटा कक्षामा १-२ जना विद्यार्थी नपुगेको हुन सक्छ र यसो भयो भन्दैमा विद्यालय नै बन्द गर्नु एक व्यवहारिक विकल्प भएको देखिदैंन । सो प्रावधानले निजी क्षेत्रमा नयाँ विद्यालय खोल्नमा बाधा पुर्‍याउने छ र यसले प्रतिस्पर्धा दबाउने छ किनभने सबै विद्यालयहरुमा प्रत्येक कक्षामा २२ विद्यार्थी राख्न र अरु पूर्वाधारका आवश्यकताहरु पूर्ति गर्नमा सक्षम हुँदैनन् । सबै मापदण्ड सुनिश्चित गर्नु परेमा विद्यालयहरुले शुल्क वृद्धि गर्नुपर्ने हुन आउँछ जसका कारण उपभोक्ताहरुले महंगो शुल्क तिर्नुपर्ने हुन्छ । नेपालमा अहिले शीर्ष स्थानमा रहेका विद्यालयहरुले पनि प्रारम्भिक वर्षहरुमा यी आवश्यकताहरु पुर्ती गर्न सक्दैन थिए (Jha, 2013)।

- राजनैतिक पार्टी र राजीनितक संस्थाहरुसँग सम्बद्ध समुहरुले गर्ने ज्यादति(Exortion) र माग पूरा नभएको खण्डमा हिंसाको प्रयोग शैक्षिक उद्यमहरुले सामना गर्ने केही अन्य बाधाहरु हुन् (Pokharel, 2012).

- व्यवसायबाट बाहिरिँदा, २२० भन्दा कम विद्यार्थी भएका विद्यालायहरु मात्र बन्द गर्न सकिन्छ ।

- सरकारको तर्फबाट निजी शिक्षण संस्थाहरुलाई नाफा मुखी कम्पनी वा सेवा उन्मुख संस्था सरह हेर्ने हो भनेर सरोकारवालाहरुमाझ अनिश्चितता भएको सन्र्दभमा स्पष्टिकरणको कमी भएको छ (Pokharel, 2012). विद्यमान कानुनका अनुसार, एउटा विद्यालयले कि त नाफामूखी कम्पनी कि त सेवा उन्मुख संस्थाको दर्जा पाउँछ र त्यसै अनुरुप विद्यालयको

कर संरचनाको पालना गर्नुपर्ने हुन्छ । यसो भएता पनि सरकारले विद्यालयहरुको शुल्क र संचालनका अन्य विषयमा नियन्त्रण गर्नुका साथै निजी कम्पनीहरु सरह कर लिने पनि निर्देशिका दायर गरेको छ ।

## ऊर्जा (जलविद्युत)

नेपालमा ऊर्जाको स्रोत अझ पनि परम्परागत रुपमा वनजङ्गल र कृषिमा आधारित छ, जुन प्रायः ग्रामिण घरधुरीहरुले प्रयोग गर्ने गरेका छन् । ऊर्जाको व्यवसायिक प्रयोग भने शहरी क्षेत्रहरुमा बढी हुने गरेको छ । व्यवसायिक आपुर्ति भारी मात्रामा पेट्रोलियममा आधारित छ र यो आयातमा निर्भर छ । नेपाल परमाणु ऊर्जाको क्षेत्रमा नभएको कारणले जलविद्युत ऊर्जाको महत्वपुर्ण स्रोत हो । ८३,००० मेगावाटको कुल अनुमानित क्षमता भएको भनिएता पनि सन् २०१३ सम्म आईपुग्दा नेपालले यो विशाल क्षमताको केवल १ प्रतिशत भन्दा कम, अर्थात ६५२ मेगावाट जलविद्युत उत्पादन गर्न सकेको छ । नेपालको जलविद्युत उत्पादन भूटान लगाएतका दक्षिण एसियाली छिमेकी राष्ट्रहरुको तुलनामा निकै कम छ । विजुलीको माग र आपूर्तिमा अन्तर भएको कारणले सुख्खा मौसममा विजुलीको कमीको सामना लामो समय देखि गर्दै आइरहनु परेको छ । सन् २०११ सम्म, नेपालमा ११ वटा प्रमुख जलविद्युत स्टेश्नहरु, १६ वटा साना जलविद्युत स्टेश्नहरु र २३ वटा राष्ट्रिय ग्रिडसँग नजोडिएका साना जलविद्युत स्टेशनहरु थिए । यसका साथ साथै ६ वटा स्टेश्नहरु निर्माणाधिन छन् र अन्य ८ स्टेस्नहरु योजनामा छन् (Nepal Electricity Authority, 2012)। कर्मचारीतन्त्रबाट हुने ढिलाई र राजनैतिक हस्तक्षेप नेपालको जलविद्युत क्षेत्रमा धेरै देखा पर्ने समस्या हो ।

सन् १९९२ को जलविद्युत नीतिले ऊर्जाको यस स्रोतको उपयोग गर्नको निम्ति निजी क्षेत्रलाई पनि भागेदार बनायो । यस नीतिले जलविद्युतको लाइसेन्सको वैधता ५० वर्षसम्मको, जलविद्युत परियोजनाहरुमा १५ वर्षको कर छुट, प्रचलित कर्पोरेट आय करको १० प्रतिशत कम आय कर (१५ वर्षको अवधि पछि लागू हुने), परियोजनामा प्रयोग हुने आयतित वस्तुहरुमा १ प्रतिशत भन्सार शुल्क, बिक्री करमा छुट जस्ता प्रावधानहरु बनायो । सन् २००१ को जलविद्युत नीतिले भने लाइसेन्सको वैधता घटाएर ३५ वर्ष पुऱ्यायो, कर छुटको प्रावधान

तालिका ४: जलविद्युत उत्पादन सर्वेक्षणका लागि दर्ता आवश्यकताहरु

| अनुमतिपत्र | अनुमतिपत्र प्रदान गर्ने निकाय | आवश्यकताहरु |
|---|---|---|
| विजुली उत्पादनको सर्वेक्षण | विद्युत विकास विभाग | • निवेदन<br>• परियोजना स्थलको नक्सा<br>• सर्वेक्षण गरिने जलस्रोतको क्षेत्रफल र उपयोग हुने पानी<br>• अनुमानित खर्च र समय<br>• उत्पादनको पुर्ण क्षमता र अनुमानित वार्षिक उत्पादन<br>• कम्पनी दर्ता प्रमाणपत्र<br>• कर दर्ता प्रमाणपत्र |
| विजुली उत्पादन | विद्युत विकास विभाग | • निवेदन<br>• उत्पादित हुने विजुलिको स्रोत<br>• अनुमानित खर्च र समय<br>• साझेदारहरुको नाम र उनीहरुको सघंको प्रकार<br>• व्यक्ति/करपोरेट निकायको पुरा नाम र ठेगाना<br>• संभाव्यता र वातावरणीय अध्ययन<br>• कम्पनी दर्ता प्रमाणपत्र<br>• कर दर्ता प्रमाणपत्र<br>• इनभाइरोमेन्ट ईम्प्याक्ट असेसमेन्ट (ई.आइ.ए) प्रतिवेदन |
| | | लाईसेन्स शुल्क :<br>१. १ मे.वा देखि ५ मे.वा सम्म ने.रु १००००० प्रति वर्ष<br>२. ५ मे.वा देखि १०० मे.वा सम्म ने.रु ५००००० प्रति वर्ष<br>३. १०० मे.वा देखि ५०० मे.वा सम्म ने.रु १०००००० प्रति वर्ष<br>४. ५०० मे.वा देखि १००० मे.वा सम्म ने.रु २५००००० प्रति वर्ष<br>५. १००० मे.वा भन्दा माथि ने.रु ५०००००० |

स्रोतः नेपाल बिजनेस लाइसेन्स विद्युतिय-पोर्टल

हटायो र जलविद्युत क्षेत्रलाई कर्पोरेट करको दायरामा ल्यायो । यस नयाँ नीतिलाई नेपालमा जलविद्युतको क्षेत्रको लागि प्रतिगामी मानिन्छ (Adhikari, 2011) . यसो भएता पनि संसदमा पेश गरिएको विद्युत ऐनको मस्यौदा २०६५ अझ पनि पारित हुन बाँकी नै छ । नयाँ नीतिमा उल्लेखित केही प्रावधानहरु प्रयोगमा भए तापनि अरु प्रावधानहरु पूरानो नीतिद्वारा निर्देशित छन् । यसो हुनाले अलमलको वातावरण श्रृजना भएको छ र यसले स्वेच्छाचारी निर्णयलाई पनि प्रेरित गरेको छ । यस नीतिले जलविद्युत परियोजनालाई मुल्य अभिकृद्धि करबाट छुट दिने प्रावधान बनाएता पनि सरकारले जुलाईमा अध्यादेश जारी गरी ३ मेगावाट भन्दा माथिका परियोजनाहरुले मुल्य अभिकृद्धि कर lतर्नुपर्ने बनायो र यसका कारणले ती परियोजनाहरुको खर्च १३ प्रतिशतले बढ्यो (Mathema, Guragain, Khadka, Sherpa & Adhikari, 2013) . यस प्रकारको नीतिगत असंगतिले लामो समयको लागि लगानी गरिने जलविद्युत जस्तो क्षेत्रमा प्रतिकूल असर पुऱ्याउँछ ।

नेपालमा निजी जलविद्युत व्यवसायीहरुले सामना गर्ने केही नीतिगत बाधाहरु निम्न लिखित छन् :

- यस क्षेत्रमा विवादित मुद्दाहरु मध्ये दशकौंदेखि चर्चामा रहेको एक विषय लाईसेन्सको प्रावधान रहेको छ । संभाव्यता अनुमतिपत्र र उत्पादन अनुमतिपत्र गरी जलविद्युत उत्पादन प्रक्रियामा दुईवटा लाईसेन्सको जरुरत पर्दछ । वर्षौंदेखि चलिआए अनुसार संभाव्यता अनुमतिपत्र प्राप्त गर्नुले लगानीकर्ताले त्यस स्थानमा विद्युत उत्पादनको अनुमतिपत्र पनि पाउँछ भन्ने कुरालाई सुनिश्चित गर्दैन । यसका साथै जलविद्युत आयोजना निर्माण गर्ने नभई अनुमतिपत्रहरुलाई आफ्नो सहजता अनुरुप र आफुले चाहेको दरमा बेच्नका लागि आफ्नो खल्तीमा लिएर हिडँनका लागि धेरै मानिसहरुले यस्ता अनुमतिपत्रहरु खरिद गरेर राखिरहेका छन्। यसले गरेर अनुमतिपत्र साँच्चिकै लगानी गर्न चाहने विकासकर्ताहरुले नपाएर यसको कारोवार मात्र गरेर कमीशन खाने उद्यमीहरुले पाउने गरेका छन् ( Dhungel & Rijal , 2012)।
- नेपालमा जलविद्युतसँग सम्बन्धित उद्यमहरुमा रहेको एक प्रमुख बाधा मन्त्रालयहरुबीच समन्यवको कमी हो । उदाहरणका लागि, जनवरी

२०१२ मा वन मन्त्रालयले रुख काट्ने स्वीकृति नदिँदा एक दर्जन ट्रान्समिसन लाईन लाउने काम ठप्प भएको थियो । वन मन्त्रालयले बारम्बार स्वीकृति नदिँदा जलविद्युत परियोजना विकासमा ढिलाई भएको छ (Hydro Nepal, 2012)। त्यसैगरी Initial Environmental Examination (IEE) र Environment Impact Assesment (EIA) ले प्राय १.५ देखि २ वर्ष समय लिन्छ किनभने यसमा धेरै सरकारी निकायको संलग्नता हुन्छ, जस्तै-ऊर्जा विकास विभाग, जलस्रोत मन्त्रालय, विज्ञान, प्रविधि र वातावरण मन्त्रालय, वन विभाग, राष्ट्रिय निकुञ्ज विभाग र वन तथा भु-संरक्षण मन्त्रालय ।

- जलविद्युतसँग सम्बन्धित उद्यमहरुमा आउने अर्को बाधा सरकारी जग्गा भाडामा लिन हुने ढिलाई पनि हो । उत्पादनको समयमा जलविद्युत परियोजनााको लागि सरकारी जग्गा भाडामा उपलब्ध गराउने प्रबन्ध भएता पनि वन तथा भु-संरक्षण मन्त्रालय र सम्बन्धित विभागहरुले विकासकर्तालाई वन जग्गा उपलब्ध गराउन आनाकानी गर्ने व्यवहार जलविद्युत परियोजनाको लागि घातक सावित भएको छ (Sherchan, 2008)।

## पूर्वाधार (निर्माण)

नेपाल जस्तो विकासशील राष्ट्रका लागि पूर्वाधार (यातायात, खानेपानी आपूर्ति, दूरसंचार, आदि) आर्थिक वृद्धि र विकासको लागि निकै महत्वपूर्ण आवश्यकता हो । व्यापक र प्रभावकारी पुर्वाधार अर्थतन्त्रको प्रतिस्पर्धीपन र वृद्धिको महत्वपूर्ण अंश हुन । गरिबी निवारण लगायत मानिसहरुको जीवनस्तर उकास्न र देशभरिका मानिसलाई आर्थिक गतिविधिमा सामेल गराउन गुणात्मक र किफाइती पुर्वाधारमा पँहुच पुऱ्याउनु आवश्यक छ। नेपालमा पुर्वाधार, विशेष गरी सडक यातायतको अवस्था निकै नै दयनीय छ । नेपालको ७५ जिल्लामध्ये दुई जिल्ला अझै पनि मोटर चल्ने बाटोसँग जोडिन बाँकी नै छन् र १७ जिल्लामा सदरमुकाम केवल मौसमी बाटाले जोडिएका छन्। आधा भन्दा बढी जनसंख्यासँग वर्ष भरि नै प्रयोग गर्न सकिने मोटरबाटोको पहुँच छैन (Afran & Pero, 2013)। त्यसैगरि नेपालमा सिँचाई, नहर, खानेपानी आपूर्ति र विद्युत परियोजना जस्ता पूर्वाधार बनाउन पनि अत्यन्त आवश्यक देखिन्छ ।

नेपालको निर्माण उद्योगले कुल गार्हस्थ्य उत्पादनमा १० देखि ११ प्रतिशतको योगदान दिन्छ र अनुमानित १० लाख मानिसलाई रोजगारी पनि दिन्छ (Federation of Contractors' Association of Nepal, n.d.)। निर्माण उद्योग देश तथा विदेश दुवैमा रोजगारीका निम्ति एउटा प्रमुख क्षेत्रको रुपमा उदयमान भइरहेको छ। नेपाली निर्माण उद्योगलाई दुई भागमा वर्गीकृत गरी हेर्न सकिन्छ। एकतर्फ भूमि-भवन, आवास, व्यापारिक भवन जस्ता उत्पादनका रुपमा बेचिने पुर्वाधार निर्माणमा निर्माण व्यवसायीहरु लागेका छन् भने, अर्कोतर्फ सरकारी निकायहरुसँग करारमा निर्माण सेवा प्रदान गर्नमा पनि निजी क्षेत्रका निर्माण व्यवसायीहरु संलग्न छन्। दोश्रो वर्ग अन्तर्गतको निर्माण उद्योगले सरकारको कुल बजेटको ३५ प्रतिशत र विकास बजेटको ६० प्रतिशत प्रयोग गर्छन्। नेपालमा निर्माण व्यवसायलाई निर्माण व्यापार ऐन, २०५५ ले नियन्त्रीत गर्छ। त्यसैगरी सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियम, २०६३ ले पनि यस्ता व्यवसायको संचालनमा असर गर्छ। निर्माण व्यवसायको दर्ता प्रक्रियालाई निर्देशित गर्ने ऐन कम्पनी दर्ता ऐन हो।

यस क्षेत्रमा नीतिगत रुपमा आइपर्ने समस्याहरु संक्षेपमा तल चर्चा गरिएको छ :

- नियमनमा रहेका केही प्रावधानहरु असल धारणाले बनाइएता पनि परिणाम भने अनपेक्षित हुन गएको छ। सार्वजनिक खरीद नियम २००७ को धारा ९७ का अनुसार ने.रु ६० लाख भन्दा कम पर्ने निर्माण परियोजना उपयोगकर्ता समिति वा लाभार्थ समुदायबाट प्राप्त गर्न सकिन्छ । परामर्श गरिएका उद्यमीहरुका अनुसार यसो हुनाले राजनैतिक दलका प्रतिनीधिहरुले यस्ता परियोजना त्यस्ता ठेकेदारलाई मात्र दिन्छन, जस्ले उनीहरुलाई कमिसन दिन्छन् । यसको परिणाम भ्रष्टाचार हुन जान्छ।
- यस क्षेत्रका उद्यमीहरुले झेल्नुपर्ने अर्को बाधा भनेको भुक्तानीमा ढिलाई हो । बजेट निकास गर्ने सम्बन्धमा सरकारी कर्मचारीहरुको स्वनिर्णय भएको हुनाले बजेट अनुमोदन गर्न लाग्ने समय सम्बन्धित सरकारी कर्मचारीको इच्छामा निर्भर हुन्छ र ठेकेदारहरु भुक्तानीका लागि परियोजना प्रबन्धकको दयामा हुन्छन् । बजेट निकास भएपछि पनि

परियोजना तहमा बजेट पुग्न प्राय ३ महिना भन्दा बढी लाग्छ (Federation of Contractors' Association of Nepal, n.d.)।

- सार्वजनिक खरिद ऐन, २०६३ र त्यसको वास्तविक व्यवहारमा केही असंगति पाईन्छ । यस ऐनको एक प्रावधान अनुसार बोलपत्र बुझाँउदा दर्ता प्रमाणपत्र वा स्थाई लेखा नम्बर आवश्यक हुँदैन । व्यवहारमा भने यी कागजपत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने हुन्छ ( Nepal Constitution Foundation, n.d.)।

- नेपालको निर्माण उद्योगले झेल्नु पर्ने अर्को बाधा भनेको बारम्बार सरकारी अधिकारी र परियोजना अधिकारी परिवर्तन हुने प्रवृत्ति पनि हो (Federation of Contractors' Association of Nepal n.d.) । नयाँ अधिकारी परियोजना र परियोजना वातावरणमा घुलमिल हुन समय लाग्ने भएकोले नयाँ अधिकारी प्रतिस्थापन हुँदा परिणाम स्वरुप परियोजनामा ढिलाई हुन जान्छ ।

निर्माण उद्योगको अर्को वर्ग आवास, जग्गा जमिन आदिलाई उत्पादनको रुपमा बेच्नु हो । नेपालमा ४०० भन्दा माथि संस्थागत भूमि-भवन उद्यमी छन् जसमध्ये १४७ नेपाल भूमि तथा आवास विकास संघमा दर्ता भएका छन् । नेपालमा आवास क्षेत्रले पहिलो पाईला सामुहिक आवास ऐन, १९९५ को रुपमा लिएको थियो र यसले अपार्टमेन्ट युनिटमा निजी स्वामित्वका लागि ढोका खोलेको थियो ।

यस वर्गमा यस क्षेत्रले झेलेका वाधाहरु यस प्रकार छन् ।

- सन् २०१० सम्म नेपालको भूमि-भवन क्षेत्रको वृद्धि अधिकतम दरमा भएको हो तर नेपालको वित्तिय क्षेत्रको नियमन निर्माण र लागू गर्ने संस्था नेपाल राष्ट्र बैकले एक्कासी बैंक र वित्तिय संस्थाहरुलाई भूमि-भवन क्षेत्रलाई ऋण उपलब्ध गराउन रोक लगायो र ऋण दिनमा पनि हदबन्धी लगायो । यो कदम प्रेरित गर्नुमा बैंक तथा वित्तिय संस्थाहरुको निर्माण क्षेत्रमा बढी चासो हुनुनै हो । यस कदमको परिणाम स्वरुप भुमि-भवन विकासकर्तालाई ऋणमा पहुँच पाउन निकै नै कठिन हुन गयो जसले गर्दा यो क्षेत्रमा मन्दी बढ्दै गएको छ । भुमि-भवन विकासकर्ता र बैंकहरु अनुसार, यो कदम अपरझट

हो र यो द्रुत गतिमा गएको साधनलाई रोक्न खोज्नु समान्य हो (New Business Age 2013)।

- यसका अतिरिक्त, भूमि-भवन कारोवारमा लगाइएको पुँजीगत लाभकर र जमिन हदबन्दीले यस क्षेत्रलाई प्रतिकुल असर पुऱ्याएको छे (The Kathmandu Post, May 2010)।

## पर्यटन (ट्राभल एजेन्सीहरु)

नेपालका लागि पर्यटनलाई उच्च वृद्धि सम्भावना भएको र तुलनात्मक लाभ भएको क्षेत्रको रुपमा पहिचान गरिएको छ । विप्रेषण पछि नेपालमा विदेशी मुद्रा भित्रयाउन योगदान गर्ने पर्यटन नै हो । वर्तमान समयमा पर्यटनले नेपालको कुल गार्हस्थ्य उत्पादनमा ४.३ प्रतिशत योगदान गर्छ र ५ लाख प्रत्यक्ष रोजगारका अवसरहरु प्रदान गर्दछ (World Travel & Tourism Council, 2013)। नेपाल पर्यटन वर्ष २०११ मनाइँदा देशमा सबैभन्दा बढी पर्यटक भित्रिइएका थिए । उक्त वर्ष देशमा ७,३६,२१५ पर्यटक भित्रिएका थिए । यद्यपि, पर्यटकको संख्या लक्ष्य अनुरुप १० लाख भित्रयाउने भन्दा कम थियो । पछिल्लो वर्षहरुमा भारतीय र चिनी पर्यटकहरुको संख्यामा निकै नै वृद्धि भएको छ । सन् २०११ मा १४९,५०४ भारतीय र ६१,९१७ चिनी पर्यटकले नेपाल भ्रमण गरेका थिए । यद्यपि यी अङ्कले त्यही वर्ष क्रमशः ती राष्ट्रका कुल पर्यटकको ६ प्रतिशत र २ प्रतिशत पर्यटक मात्र प्रतिनिधित्व गर्छ (Ministry Of Culture, Tourism and Civil Aviation, 2011)।

नेपालमा पर्यटन क्षेत्रको वृद्धि र सफलता विशेष गरी निजी क्षेत्रको सहभागिताले गर्दा भएको हो । १९९० को दशकमा नेपालको अर्थव्यवस्था खुला भएयता पर्यटन उद्यमहरुको वृद्धि हुँदै आएको छ जसमा ट्राभल, आवास र साहसिक मनोरन्जन कार्यका सेवाहरु पनि पर्दछन् । यो क्षेत्रलाई निर्देशित गर्ने नीति नियममा पर्यटन ऐन, १९७८, यात्रा र ट्रेकिङ्ग एजेन्सी विनियमन २००५, अध्यागमन नियम १९९४, होम स्टोर अपरेसन प्रोसीडियर, २०१० प्रमुख हुन् । नेपालको पर्यटन नीतिहरुले निजी क्षेत्रको सहभागितालाई उच्च प्राथमिकता दिएको छ र सरकारलाई सहजकर्ताको भुमिका दिएको छ ।

तालिका ५: ट्राभल एजेन्सीहरुका लागि दर्ता आवश्यकताहरु

| अनुमतिपत्र | अनुमतिपत्र प्रदान गर्ने निकाय | आवश्यकताहरु |
|---|---|---|
| ट्राभल एजेन्सीहरु | पर्यटन उद्योग विभाग | • कम्पनीको :OA / AOA सहितको निवेदन<br>• निर्देशकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिसहित २ पासपोर्ट साइज फोटो<br>• ५ वर्षका लागि मंत्रालयको नाममा ने.रु. ३ लाखको बैकं ग्यारेन्टि<br>• कम्पनी दर्ता प्रमाणपत्र<br>• मंत्रालयबाट समझौता पत्र<br>• कर दर्ता प्रमाणपत्र |

स्रोतः नेपाल बिजनेस लाइसेन्स विद्युतिय-पोर्टल

नेपालमा १९०० ट्राभल एजेन्सीहरु दर्ता गरिएका छन् । नेपालका ट्राभल एजेन्सीले प्रदान गर्ने सेवाहरुमा गन्तव्यको पुर्व जानकारी, टिकट, आवास, स्थानिय परिवहन र संचार पर्छन् ।

पर्यटन क्षेत्रलाई प्रत्यक्ष नियमन भन्दा पनि अप्रत्यक्ष नियमनले धेरै प्रभाव पारेको छ । केही यस्ता नियमन सम्बन्धी बाधाहरु यस प्रकार छन् :

- पर्यटन उद्यमीहरुका अनुसार एउटा प्रमुख बाधा वायु पारवाहकहरुले नेपाललाई पर्यटकीय स्रोत राष्ट्रहरु र दक्षिण, दक्षिण पुर्वी र मध्यपुर्वी देशहरुमा भएका मिलन विन्दुहरुसँग जोड्न नस्कनु हो । यसमा पर्यटन प्रर्वधन गर्ने नेपाल पर्यटन बोर्ड र नेपाल वायुसेवा संघ जस्ता वायु पारवहकहरु र पर्यटन क्षेत्रको व्यवसायिक संघहरु मुख्य रुपमा जिम्मेवार छन् ।
- वर्तमान समयको प्रतिस्पर्धी अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपाललाई पर्यटन गन्तव्यका रुपमा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रर्वधन गर्न आवश्यक

छ । यद्यपि, नेपालको प्रचार गतिविधि निकै नै सीमित रहेको छ । यसको एउटा कारण पुँजी खाता परिवर्तनीयता (Capital Account Convertibility)को कमी हो जसले ठूलो मात्रामा प्रचार गतिविधि गर्न आवश्यक वैदेशिक लगानी आउनबाट रोक लगाउँछ (Chitrakar, 2009)। यसैगरी पर्यटन सम्बन्धी प्रचार र विज्ञापन गर्ने निजी-सरकारी संस्था नेपाल पर्यटन बोर्डमा, २ वर्षदेखि प्रमुख कार्यकारी अधिकृत नियुक्ती नहुनाले यस संस्थाको काममा बाधा पुगेको छ । निजी क्षेत्रका समुहहरुबीच स्वार्थ बाझिनु र सरकारका उदासिनता यस पछाडिका मुख्य कारण हुन् ।

- नेपाल वायुसेवाको सन्दर्भमा, यसको खराब प्रर्दशनको परिणाम स्वरुप युरोप र अमेरिकाबाट नेपाल आउने हवाईमार्ग यात्रुहरुका लागि निकै लामो र अप्ठ्यारो भएको छ (Himalayan News Service, n.d)। पर्यटन नीति,२००९ ले यसलाई यो क्षेत्रको प्रमुख समस्याको रुपमा पहिचान गरेको छ र नेपाल वायुसेवाको संगठनात्मक पुर्नगठन गर्न सुझाव दिएको छ। यद्यपि, यस सम्बन्धमा कुनै पहल भएको छैन ।

- यात्रु सेवा प्रदान गर्ने दृष्टिकोणबाट नेपालमा संचालनमा रहेका ट्राभल्स एजेन्सी मुख्यतः स्थानीय छन् र पर्यटकलाई आन्तरिक यात्रा सेवा दिन्छन् । यससँगै यी एजेन्सीहरु वैदेशिक यात्रा सेवा प्रदान गर्नेहरुको एजेन्टका रुपमा काम गर्दै विदेश जाने नेपाली र विदेशीलाई नेपाल भित्रयाउने सेवा प्रदान गर्छन् । ट्राभल एजेन्सीहरुको नेपाल बाहिर आफ्नो कार्यालय छैन । परामर्शको समयमा नेपाल भन्दा बाहिर एजेन्सी संचालन गर्ने प्रमुख बाधाका रुपमा नेपाल राष्ट्र बैंकबाट डलर खाता खोल्न लाग्ने समय र प्रक्रियात्मक आवश्यकता पनि अगाडि आएको थियो ।

## ३. अवरोधका मुख्य कारणहरु

विकासोन्मुख राष्ट्रहरुमा कुनै पनि व्यवसाय सुरुवात र संचालन गर्न सामान्यतः गाह्रै हुने गर्दछ । अनगिन्ती नियमन, कमजोर संस्थागत व्यवस्था, असक्षम कर्मचारीतन्त्र र अशक्त न्याय प्रणालीले व्यवसाय संचालनमा सीधै असर गर्ने हुन्छ । बजारलाई असफल हुन बाट जोगाउन र जनताको हितलाई सुनिश्चित गर्न भनी यी अनगिन्ती नियमनलाई समर्थन गरिन्छ (Pigou, 1932)। तर पब्लिक च्वाइस थ्योरी (Public Choice Theory) को दृष्टिकोणबाट हेर्ने हो भने नियमहरु जनताको हित भन्दा नियमन निकायको हितका लागि प्रतिपादित हुन्छन् । "धेरै जस्ता अनुमति र नियमनहरु बन्नुको पछाडि रहने एउटा मुख्य कारण भनेको नै अधिकारीहरुलाई ती अनुमतिहरु नदिने शक्ति दिने र दिनै परे पनि सो बापत घुस खाने प्रावधान मिलाउन सकिन्छ भन्ने हो " (Shleifer and Vishny, 1993, as cited in Djankov, Porta, Lopez-De-Silanes & Shleifer, 2002)। सन् १९९० मा डिसोटो देखि सुरुवात भई आज सम्म आउँदा संसारभरका थुप्रै अनुसन्धानकर्ताहरुले अत्याधिक नियमनहरुले निम्त्याउने असहजताले गर्दा उद्यमशिलताका प्रयासहरुमा पर्न जाने असरहरुकाबारे अनुसन्धान गरिसकेका छन् । विकासोन्मुख अर्थतन्त्रहरुमा यो पछिल्लो धारणा बढी पुष्टि भएको पाइन्छ । यी विकासोन्मुख अर्थतन्त्रहरुमा व्यवसाय गर्न असहज हुन जानुमा यस्ता नियामनहरुको हुनु वा नहुनु, प्रयोग गरिनु वा नगरिनुले मात्र भन्दा पनि नियमनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्ध राख्ने अन्य विभिन्न तत्वहरुको पनि भूमिका रहेको हुन्छ । उद्यमशिलतालाई बाधा पुर्‍याउने यस्ता तत्वहरुले प्रायः प्रतिस्पर्धालाई दबाउँछन्, एकाधिकारलाई प्रोत्साहन दिन्छन्, साना दर्जाका उद्यमीहरुलाई अनौपचारिक अर्थतन्त्र तिर ढकेल्छन् र सिंगो राष्ट्रकै आर्थिक वृद्धिमा प्रतिकूल प्रभाव पार्छन् ।

अगाडि उल्लेख गरिएका क्षेत्रहरुमा अनुसन्धानका सिलसिलामा भेटिएका नियमनसम्बन्धी तथा अन्य बाधाहरुलाई निम्न प्रकारले संक्षिप्तमा प्रस्तुत गर्न सकिन्छ :

## सरकारी निकायमा स्वार्थ बाझिनु (Conflict of Interest)

प्रायः मुद्दाहरुमा सरकारी निकायहरुले दोहरो भूमिका निभाइरहेका हुन्छन् जसको कारण आपसमा स्वार्थ बाझिएको देखिन्छ । उदाहरणको लागि, नेपाल कृषि अनुसन्धान परिषद्ले बीउ बिजनको भिन्नता, एकरुपता र नियमिततामा मात्रै ध्यान केन्द्रित नगरी नयाँ बाली उत्पादन (crop breeding) र नयाँ प्रजातीलाई जारी (variety releasing) गर्ने कार्य पनि गर्दछ । त्यसैगरी, नेपाल विद्युत् प्राधिकरणले विद्युत्को प्रसारण र वितरण मात्रै नगरी उत्पादनमा पनि प्रत्यक्ष भूमिका निर्वाह गर्ने गर्छ । पर्यटनको क्षेत्रमा, नेपाल नागरिक उड्डयन प्राधिकरणले पनि यस्तै दोहोरो भूमिकाहरु खेल्ने गर्छ । निजी क्षेत्रको संलग्नतासँगै प्रतिस्पर्धा भित्रने हुँदा यस्ता दोहोरा र द्वन्दात्मक भूमिकाहरुले ती निकायहरुलाई निजी क्षेत्रलाई सो क्षेत्रहरुमा प्रवेश गर्न नदिने व्यवस्था मिलाउन उत्प्रेरणा दिन्छ । जब एउटा सरकारी निकाय आँफैले बजारमा सक्रिय व्यवसायीको भूमिका निभाउँछ, तब अन्य व्यवसायीको तुलनामा उक्त सरकारी व्यवसायले अनुचित फाइदा उठाउन सक्ने स्थिति सृजना हुने गर्छ र यसले गर्दा अन्य व्यवसायीहरुकालागि व्यवसाय गर्न अप्ठ्यारो पर्ने वातावरणको सृजना हुन जान्छ ।

## सरकारी निकायहरुबीच समन्वयको अभाव

केही मुद्दाहरुमा एकै क्षेत्रमा धेरै सरकारी निकाय र विभागहरुको भूमिका रहनुले ती निकायहरुबीचको समन्वय जटिल हुन गई एक असहज वातावरण बन्न जान्छ । फरक फरक सरकारी निकायहरुको फरक फरक रुचि, जनादेश र लक्ष्य हुने हुँदा एउटै परियोजनामा विभिन्न निकायहरुको संलग्नताले निकायहरु सहकार्य गर्नमा इच्छुक नहुने अवस्था उत्पन्न हुन जान्छ । उदाहरणका लागि, वन तथा भूसंरक्षण मन्त्रालयको सहकार्यको अभावमा जलविद्युत् विकासकर्ताका साथै

नेपाल विद्युत् प्राधिकरणले आँफै पनि जलविद्युत् परियोजनाहरुको विकासमा ढिलासुस्तीको सामना गर्नुपरेको अवस्था रहेको छ (Hydro Nepal, 2012)। त्यसै गरी, प्रत्यक्ष सम्बन्ध राख्ने सरकारी निकायहरुको बीचमा सहकार्यको अभावमा नेपाल पर्यटन वर्ष २०११ मा अन्य राष्ट्रहरुमा पर्यटन प्रवर्द्धन गर्नका लागि पनि बजेट निकासामा ढिलाइ हुन गयो ।

## नीति अभिमुखिकरणमा (Policy Orientation) स्पष्टताको कमी

अर्थतन्त्रको केही क्षेत्रहरुमा स्पष्ट दृष्टिकोण र नीति अभिमुखिकरणको अभाव देखिन्छ । उदाहरणका लागि, निजी शैक्षिक संस्थाहरु सेवामुखी हुन पर्छ भन्ने चर्को आवाज उठीरहेको छ र राजनैतिक दल र नागरिक समाजबाट शैक्षिक क्षेत्रको व्यवसायिकरणको लगातार भर्तसना भइरहेको अवस्था छ । सरकारले पनि निजी शैक्षिक संस्थानहरुमा मूल्य नियंत्रणका विधिहरुलाई व्यवहारमा ल्याएर यसलाई समर्थन गरिरहेको अवस्था छ। तर अर्कोतिरबाट हेर्दा, तिनै निजी शैक्षिक संस्थाहरुलाई व्यवसायिक संस्था सरहको कर लगाइएको छ । यस्ता अस्पष्ट नीतिहरुले व्यवसायको संचालनमा अवरोध खडा गर्नुका साथै दीर्घकालिन लगानीलाई पनि निरुत्साहित गर्दै पुरै राष्ट्रकै आर्थिक उन्नतिमा रोक लगाउने काम गर्छ ।

## नीति अनुरुप नियमन र ऐनको कमी

केहि मुद्दाहरुमा सरकारी नीति अनुरुपको नियमन र ऐनको कमीले गर्दा अनिश्चतता र भ्रम सृजना हुन जान्छ । उदाहरणका लागि, पुरानो नीतिलाई बदर गरेर नयाँ जलविद्युत् नीति २००१ को प्रतिपादन भएता पनि सम्बन्धित ऐन नल्याएकोले सो नीति लागु हुन सकेको छैन। फलस्वरुप, ऊर्जा क्षेत्रमा अनिश्चितता, भ्रम र अनियमितताको वातावरण बन्न गएको छ । राजनैतिक अस्थिरता र बारम्बारको सरकार बदलले प्राथमिकतामा लगातार परिवर्तन र नीति नियम बनाउनमा राजनैतिक झैझगडा भित्राएको छ। तसर्थ, सरकार बदलले प्राथमिकता र नीतिमा पनि परिवर्तन ल्याउँछ ।

## कमजोर संस्थागत संरचना

विधिको शासन, कुशल र कार्यशील न्यायीक प्रशासन र प्रतिस्पर्धा जस्ता खुला बजार प्रणालीको सुचारु संचालनकालागि आवश्यक संस्थाहरु नेपालमा प्रभावकारी ढंगले लागु हुन सकेका छैनन् । सर्वोच्च अदालतले गैर कानूनी ठहर गर्दागर्दै पनि यातायात क्षेत्रमा सिन्डिकेट र कार्टेल प्रणालीको व्यापकताले नेपालको न्याय प्रणालीको प्रभावहिनताको बोध गराउँदछ । न्याय प्रणालीको कार्यभार र उपलब्ध स्रोत तथा साधनको अवस्थामा निकै फरक भएकोले कानूनको पालनामा र प्रभावकारीतामा बाधा सृजना हुन गएको छ । अझ यसमा बन्द, हडताल र जबर्जस्ती जस्ता कुराहरुले नेपालमा व्यवसाय गर्नमा थप कठिनाइ हुन गएको छ ।

## रेड टेप र कर्मचारीतन्त्रले निम्त्याउने बाधाहरु

कानून र नियमहरु सरल र स्पष्ट भएका मुद्दाहरुमा पनि जवाफदेहीता सुनिश्चित गर्ने व्यवस्थाको कमी भएको हुँदा उद्यमीहरुले निकै समस्याको सामना गर्नुपर्ने अवस्था छ । यस कारण शुरुवातको चरणमा रहेका उद्यमीहरुले कुनै पनि व्यवसाय सुरु गर्न र संचालनको समयमा नियमनहरुको अनुपालन गर्नमा वकिल र दलालहरुको सहायता लिने गर्छन् । यसले गर्दा व्यवसाय संचालन गर्ने र भविष्यमा विस्तार गर्दै लाने क्रममा खर्च बढ्न जान्छ । अभिलेख राख्न र निवेदन संसाधन गर्नमा प्रयोग हुने परंपरागत शैली र यसमा प्रविधिको प्रयोगको कमीले कर्मचारीहरुलाई प्रक्रियामा ढिलाइ गर्न र भ्रष्टाचार गर्न टेवा मिल्छ। उद्यमीहरुसँगको विमर्शबाट सरकारी निकायहरुमा फाइल र अभिलेख यताउती पर्नुलाई प्रक्रियामा ढिलाइ गर्ने र भ्रष्टाचार गर्ने बाहनाका रुपमा प्रयोग गरिन्छ भन्ने तथ्य सर्वविदितै भएको उल्लेख गरिएको थियो ।

## कर्मचारीतन्त्रको विवेकाधिन शक्ति

जब कानूनले कर्मचारीतन्त्रलाई विवेकाधिन शक्ति प्रदान गरी महत्वपूर्ण निर्णयहरु सम्बन्धित अधिकारीको विवेकमा छोड्ने स्थिति पैदा गर्छ, यसले

भ्रष्टाचारका अवसरहरु सृजना गरी भ्रष्टाचार प्रोत्साहन गर्छ । यसका साथै, यस्ता प्रावधानहरुले एउटा अस्थिर वातावरण पनि सृजना गर्छ जसले गर्दा कुनै एक कर्मचारीको सरुवा हुने बित्तिकै (जुन नेपालमा धेरै हुने गर्छ) नयाँ कर्मचारीको सहजता अनुरुप नीतिहरुमा स-साना परिवर्तनहरु देखिन थाल्छन् ।

निजी तथा आवासिय विद्यालय निर्देशन, २०१३ ले निजी विद्यालयहरुलाई अत्याधिक मापदण्डहरु पालना गर्न बाध्य बनाएको छ । विद्यालय संचालनमा जानुभन्दा अगावै पुरा हुनुपर्ने गरी पूर्वाधारको मामिलामा (जस्तै विद्यालय भवन, खेल मैदानको परिमाण, ईत्यादी) न्यूनतम मापदण्ड तय गरिएको छ । यस्ता मापदण्डहरु सबै विद्यालयले पुरा गरेका हुँदैनन् । अनि यस्तो अप्ठ्यारोमा पर्दा ती विद्यालहरुले निरीक्षणमा आउने सरकारी कर्मचारीहरुलाई गैर कानूनी ढंगले घुस खुवाउनु पर्ने अवस्थाको सृजना हुन जान्छ ।

# ४.निष्कर्ष तथा सुझावहरु

आर्थिक वृद्धि र विकासका लागि बजार अर्थतन्त्र अपरिहार्य छ । त्यसै गरी बजार अर्थतन्त्र राम्रो सँग सञ्चालन हुनका लागि व्यवसाय गर्नका लागि राम्रो वातावरण बनाउनु अत्यावश्यक छ । अधिकांश प्रयोगाश्रित अध्ययनहरुले देखाए अनुसार व्यवसाय सम्बन्धी नियमनहरुले कुनै पनि अर्थतन्त्रमा हुने उद्यममूलक गतिविधिहरुको संख्यामा असर पार्दछ (Alfaro & Charlton, 2006; Van Stel, Storey & Thurik, 2006) । केही अनुसन्धानकर्ताहरुले के पनि पत्ता लगाएका छन भने अर्थतन्त्रमा भएका उद्यममूलक गतिविधिहरुको संख्याले पनि व्यवसाय सम्बन्धी नियमनहरुको संख्या तथा गुणस्तरमा प्रभाव पार्दछ (Nystrom, 2010) । अध्ययनहरुले के पनि देखाएका छन् भने, नियमनहरुमा सुधारहरुले कुनै पनि राष्ट्रको उद्यममूलक गतिविधिहरुमाथि उल्लेख्य सकरात्मक प्रभाव पार्दछन् (Mullainathan & Schnabl, 2010) । व्यवसाय गर्नका लागि एउटा राम्रो वातावरण बनाउनका लागि नेपालले अझै धेरै काम गर्न बाँकी छ । विश्व बैंकको “डुईङ बिजनेश” प्रतिवेदनका विभिन्न क्षेत्रहरुमा नराम्रो प्रदर्शन बाहेक पनि उक्त प्रतिवेदनले नसमेटेका त्यस्ता धेरै कुराहरु छन् जसले नेपालको व्यवसाय गर्ने वातावरणलाई असर पारिराखेका छन् । व्यवसाय गर्न यी अतिरिक्त अड्चनहरु आउनुको पछाडि विभिन्न कारण छन् - जस्तै धेरै सरकारी निकायहरुको संलग्नता र उनीहरु बीच स्वार्थ बाझिनु, सरकारको नीतिको अभिमुखीकरण स्पष्ट नहुनु, कमजोर संस्थागत संरचना र विद्यमान व्यवस्थाको कमजोर प्रदर्शन, कर्मचारीतन्त्र र स्वनिर्णयको व्यवस्थाको दुरुपयोग । यी मुद्दाहरुलाई सम्बोधन गरी सुधार गर्न उन्मुख हुनु नेपाली अर्थतन्त्र गतिशिल तथा समृद्ध बनाउने प्रकृयाको अर्को खुड्किलो हुन सक्छ ।

निरन्तर रुपमा नियमनहरुमा सुधार गर्नाले कसरी उद्यममूलक गतिविधिहरुलाई प्रोत्साहन मिल्छ र आर्थिक वृद्धिलाई टेवा पुग्छ भन्ने कुराको एउटा राम्रो उदाहरण पोल्याण्ड हो । विश्व बैंकको “डुईङ बिजनेश २०१३- स्मार्टर रेगुलेसनस् फर स्मल एण्ड मिडियम साइज ईन्टरप्राइजेज”का अनुसार पोल्याण्ड व्यवसायिक वातावरण सुधार गर्नमा विश्वमै अगाडि छ । पोल्याण्डले गत वर्ष व्यवसायिक वातावरण सुधारका लागि चार वटा संस्थागत व्यवस्था तथा नियमन सुधार गरेर सम्पत्ती दर्ता गर्न, कर तिर्न, करार कार्यान्वयन गर्न र व्यवसाय दामासाहीमा पर्दा उम्कने प्रक्रिया पुरा गर्न सहज बनाएको छ । यसका लागि पोल्याण्डले प्रक्रियाहरुलाई कम्प्युटर प्रणालीमा हालेको छ र नियमनका विभिन्न पक्षहरुलाई एकै सरकारी निकाय अन्तर्गत संगठित गरेको छ । उदाहरणका लागि सन् २०१० मा पोल्याण्डले व्यवसाय शुरु गर्नका लागि कानूनी रुपमा आवश्यक पूँजीलाई १० गुणाले घटायो र व्यवसाय दर्ता, कर, सामाजिक सुरक्षा तथा तथ्याङ्क सम्बन्ध सबै प्रक्रियालाई नेशनल कोर्ट रजिस्टर भन्ने निकाय अन्तर्गत ल्यायो ।

अर्को उदाहरण, रुवाण्डा हो । सन् २००० देखि रुवाण्डाले निरन्तर रुपमा व्यवसाय नियमनका सुधारहरुको खाका बनाँउदै र लागु गर्दै आएको छ । यसकारण रुवाण्डाले कर्जाको पहुँचमा व्यापक सुधार गरेको, व्यवसाय शुरु गर्न लाग्ने प्रक्रियाहरुलाई सहज बनाएको, सम्पत्ति दर्ता गर्न लाग्ने समय घटाएको, अन्तर्देशीय व्यापारलाई सहज बनाएको र व्यापारिक विवादहरुका लागि अदालतहरुको पहुँच वृद्धि गरेको छ (World Bank, 2013) । हाल रुवाण्डा “डुईङ बिजनेश रिपोर्ट” मा ८ स्थानमा रहेको छ र सन् २००० देखि २०१३ सम्मको अवधिमा वार्षिक ८.११ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सफल भएको छ ।

यस पत्रमा गरिएको विश्लेषण र अन्तर्राष्ट्रिय अनुभवको अध्ययनका आधारमा, नेपालले विद्यमान अड्चनहरु हटाउन र व्यवसाय गर्नका लागि सहज वातावरण बनाउन निम्न उपायहरु अवलम्बन गर्नु जरुरी देखिन्छ ।

## विभिन्न ऐनहरुमा भएका अन्तरविरोधी व्यवस्थाहरु हटाउनका लागि आवश्यक संशोधन गर्ने

कुनै पनि क्षेत्रसँग सम्बन्धित ऐन बनाँइदा यसमा भएका व्यवस्थाहरु अर्को ऐनको कुनै व्यवस्थासँग नबाझियोस् भन्ने कुरा सुनिश्चित गराउनु जरुरी हुन्छ । त्यसैले विभिन्न पक्षहरुको सरोकार र उद्देश्यहरुबीच तालमेल मिलाउन र कानून बनाउने प्रक्रिया समावेशी हुन सबै सरोकारवाला (अन्तर-विभागिय र अन्तर-क्षेत्रीय सहित) हरुलाई संलग्न गराइनु पर्छ ।

उदाहरणका लागि कुनै एउटा ट्राभल एण्ड टुर्स कम्पनी साना तथा घरेलु उद्योग ऐन अन्तर्गत मात्र नभएर कम्पनी ऐन तथा पर्यटन ऐन अन्तर्गत पनि पर्दछ । यी तीन वटै ऐनहरु विभिन्न कालखण्डमा बनाइएका ऐनहरु हुन र यिनीहरु बीच तालमेल हुन्छ नै भन्ने सुनिश्चित छैन । त्यसैगरी यस सम्बन्धित व्यवसाय गर्दा प्रक्रियागत आवश्यकताहरु पुरा गर्न विभिन्न निकायहरु धाउनु पर्ने अवस्था छ । यसले व्यवसायको वृद्धि तथा समृद्धिमा अड्चनको रुपमा काम गरिराखेको छ ।

## संलग्न सरकारी निकाय तथा विभागहरुको संख्या घटाउने

नेपालमा कुनै पनि व्यवसाय शुरु गर्न र सञ्चालन गर्नका लागि ठूलो कर्मचारीतन्त्रबाट पार हुनु पर्दछ । उदाहरणका लागि, कुनै एउटा ट्राभल एण्ड टुर कम्पनी दर्ता गर्नका लागि कम्तीमा पनि कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल पर्यटन बोर्ड, घरेलु तथा साना उद्योग विभाग र कर कार्यालय धाउनु पर्ने अवस्था छ । यी सबै निकायहरु आ-आफ्नै ऐनहरुले (कर ऐन, कम्पनी ऐन, पर्यटन ऐन तथा अन्य धेरै) शासित र निर्देशित हुने भएकाले प्रक्रियागत झन्झटहरु धेरै छन् ।

त्यसैले यस मुद्दालाई सम्बोधन गर्नका लागि यस क्षेत्रमा संलग्न सरकारी निकायहरुको संख्या घटाइनु पर्छ । यसका लागि सिमित सरकारी निकाय तथा विभागहरुलाई मात्र अधिकार तथा दायित्व सुम्पिनु पर्छ । एक-द्वार नीतिको कार्यान्वयनले सरकारलाई यो हासिल गर्न मदत गर्न सक्छ । तर एक-द्वार नीतिले

साँच्चै प्रक्रियाहरु घटाउँछ र सरकारका विभिन्न निकाय तथा विभागहरुलाई एउटै प्रक्रियाको ढाँचामा ल्याउँछ भन्ने कुरा सुनिश्चित गरिनुपर्छ । विद्युतीय प्रणालीको प्रयोगले पनि प्रभावकारी ढंगमा नियमनहरुको अनुपालनको प्रक्रियाको संख्या, समय तथा लागत घटाउन सक्छ। श्रीलंका, रुवाण्डा तथा पोल्याण्ड जस्ता देशहरुले व्यवसाय दर्ताको प्रक्रिया तथा सम्पत्ति दर्ताको प्रक्रिया सहज बनाउन विद्युतीय प्रणाली शुरु गरेका छन् (World Bank, 2013)।

## अन्तरविरोधी भूमिका भएका निकायहरुलाई विखण्डीकरण गर्ने

कुनै सरकारी निकायले दोहोरो भूमिका खेलिरहेको छ र उक्त भूमिकाहरुबीच स्वार्थ बाझिने अवस्था देखिन्छ भने द्वन्द्वात्मक भूमिका तथा म्यान्डेटहरु छुट्ट्याएर सरल र स्पष्ट उद्देश्य र म्यान्डेट दिन जरुरी छ । नेपाल विद्युत प्राधिकरण (जो विद्युत उत्पादन, प्रसारण र वितरण सबैमा संलग्न छ) लाई विखण्डन गर्ने कुरामा छलफल भइराखेको छ  तर हालसम्म कुनै पनि ठोस कार्य भइसकेको छैन । अर्थतन्त्रका अन्य क्षेत्रमा भएका सरकारी निकायहरुको भूमिकाहरुलाई पनि पुनरावलोकन गर्नु आवश्यक छ ।

## नीतिगत अभिमुखीकरण स्पष्ट पार्ने

शिक्षा जस्तो क्षेत्रमा, सरकारले उक्त क्षेत्रलाई कुन रुपमा हेर्न र सम्बोधन गर्न खोजेको हो स्पष्ट पार्न जरुरी छ ताकी उक्त क्षेत्र अनेकार्थी तथा अस्पष्ट नीति नियमनहरुबाट सृजना हुने अन्योलता तथा अनिश्चयबाट प्रताडित नहोस् । सरकारै पिच्छे आफ्नो इच्छा अनुसारको नियम बनाउने परिपाटी रोक्नका लागि पनि नीति नियम स्पष्ट पार्न आवश्यक छ। पूर्वानुमान गर्न नसकिने नीतिगत व्यवस्था हुनाले कुनै एउटा व्यवसायको सञ्चालनमा मात्र नभएर दीर्घकालीन आर्थिक वृद्धिमै पनि असर पर्दछ किनकी यसले दीर्घकालीन लगानीलाई निरुत्साहित गर्दछ। बारम्वार सरकार परिवर्तन र अन्ततः बारम्वार नीतिनियम परिवर्तन हुनुले आर्थिक वृद्धिलाई उल्लेखनीय रुपमा घटाउने पाइएको छ (Alesina, Ozler, Roubini & Swagel, 1996)।

उदाहरणका लागि, विद्यालयहरुको कुरामा सरकारले विद्यालयलाई नाफामुखी उद्यमका रुपमा हेर्न चाहन्छ र निजी क्षेत्रको सहभागिता होस भन्ने चाहन्छ कि शिक्षालाई एउटा स्वेच्छिक सेवाको रुपमा सरकारी संयत्रका मार्फत मात्र दिन चाहन्छ, स्पष्ट हुन जरुरी छ ।

## बजार व्यवस्था सुचारु हुनका लागि चाहिने संस्थागत व्यवस्थालाई सुदृढ बनाउने

संस्थागत व्यवस्थालाई “समाजको खेलका नियमहरु वा औपचारिक रुपमा भन्दा मानविय अन्तरक्रियालाई निश्चित आकार दिन बनाइएका मानविय नियन्त्रणहरु” को रुपमा लिइन्छ (North, 1990) । कहिलेकाँही “नरम पूर्वाधार” पनि संज्ञा दिइने यस्तो संस्थागत व्यवस्थाहरुले कुनै पनि समाजको आर्थिक वृद्धि र समृद्धिमा ठूलो भूमिका खेल्छन् । बजार व्यवस्था सुचारु रुपले सञ्चालन गर्न र सबै वर्गका जनताको आर्थिक कृयाकलापसम्म पहुँच सुनिश्चित गर्नका लागि सरकारले न्यायपालिका, प्रतिस्पर्धा कानून, कानून तथा व्यवस्था तथा नागरिकहरुमा जिऊधनको सुरक्षा जस्ता कुराहरुलाई सुदृढ पार्न काम गर्नुपर्छ ।

# सन्दर्भ सामग्रीहरु


Adhikari, D. (2011). Sustainability Analysis of Hydropower InNepal. Retrieved from Helsinki Metropolia University of Applied Sciences website: http://http://theseus17-kk.lib.helsinki.fi/bitstream/handle/10024/38475/FINAL%20THESIS.pdf?sequence=1

Adhikari, D. (2013, January 25). Private Schools: Under Pressure. New Spotlight [Kathmandu]. Retrieved from http://www.spotlightnepal.com/News/Article/Private-Schools-Under-Pressure

Afram, G. G., & Pero, A. S. (2012). Nepal's Investment Climate: Leveraging the Private Sector for Job Creation and Growth. The World Bank.

Alesina, A., Ozler, S., Roubini, N., & Swagel, P. (1996). Political Instability and Economic Growth. Journal of Economic Growth, 1(2), 189-211.

Central Bureau of Statistics. (2002). National Sample Census of Agriculture 2001/02. Kathmandu, Nepal

Chitrakar, R. C. (2009, October 28). Current State of Tourism Services Sector in Nepal and Ways Forward. Retrieved from http://www.mocs.gov.np/uploads/Current%20State%20of%20Tourism%20Service%20Sector_Unctad%20Presentation%202.ppt

DeSoto, H. (1990). The Other Path. New York: Harper and Row.

Dhungel, K. R., & Rijal, P. (2012). Investment Prospects & Challenges for Hydropower Development in Nepal. Kathmandu, Nepal: Samriddhi, The Prosperity Foundation.

Federations of Contractors' Association of Nepal (n.d.). http://www.fcan.org.np. Retrieved July 2, 2013, from http://http://www.fcan.org.np/pages.php?pid=83

Gautam, J.C. (2008). Country Report On The State Of Plant Genetic Resources For Food And Agriculture Nepal. Food and Agriculture Organization (FAO).

Joshi , K.D, Conroy, C, Witcombe, J.R. (2012). Agriculture, seed, and innovation in Nepal: Industry and policy issues for the future. International Food Policy Research Institute. Washington, DC

Himalayan News Service (n.d.). "Without a strong national carrier, Nepal's tourism industry can never really achieve its full potential". The Himalayan Times [Kathmandu]. Retrieved from http://www.thehimalayantimes.com/perspectives/fullnews.php?headline=\%26quot%3BWithout+a+strong+national+carrier%E2%80%9A++Nepal\%27s+tourism+industry+can+never+really+achieve+its+full+potential\%26quot%3B&newsid=NjM1

Himalayan News Service (2012, June 16). CPN-M's revolutionary students vandalise colleges, torch school bus. The Himalayan Times [Kathmandu].

Hydro Nepal (2012). $15b Indian Investments Possible in Hydropower: Indian Envoy. Hydro Nepal, (10).

Djankov, S., Porta, R. L., Lopez-De-Silanes, F., & Shleifer, A. (2002). The Regulation of Entry. The Quarterly Journal of Economics, 117(1).

Kaplan, S. (2013). What the World Bank Does Not Understand About "Doing Business". Policy Innovations. Retrieved from: http://www.policyinnovations.org/ideas/commentary/data/000261

Mathema, A. B., Guragain, S., Khadka, R. B., Sherpa, N., & Adhikari, B. B. (2013). Can hydropower drive green economy for Nepal: A review. Nepal: Asian Centre for Environment and Sustainable Development.

Ministry of Education and Sports. (2011). Nepal Education in Figures. Government of Nepal: Kathmandu, Nepal

Ministry of Finance. (2008). Economic Survey Fiscal Year 2007–2008. Volume I, Narratives. Government of Nepal: Kathmandu, Nepal

Ministry of Culture, Tourism and Civil Aviation (2011). Nepal Tourism Statistics 2010. Retrieved from Government of Nepal

Nepal Constitution Foundation. (n.d.). On the Public Procurement (Amendment) Bill, 2063. Retrieved from: http://http://www.ncf.org.np/upload/bill_review/procurement_act.pdf

Nepal Electricity Authority (2012). A YEAR IN REVIEW,. FISCAL YEAR 2011/12. Kathmandu: Nepal Electricity Authority.

New Business Age (2013, March). Debate Of The Month: Is The Reality Sector Really Picking Up? New Business Age.

North, D. C. (1990). Institutions, institutional change, and economic performance. Cambridge: Cambridge University Press.

Nyström, K. (2010). Business regulation and red tape in the entrepreneurial economy (225). Retrieved from Centre of Excellence for Science and Innovation Studies, Royal Institute of Technology website: http://www.diva-portal.org/smash/get/diva2:484907/FULLTEXT01.pdf

Pigou, A. C. (1932). The economics of welfare. London: Macmillan and Co.
Pokharel, B. (2012, March 30). "Private And Boarding Schools Live Under Uncertainty". New Spotlight News Magazine, 5(18).

Republica (2013, January 20). No new private schools in Valley next academic session. Republica [Kathmandu]. Retrieved from http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=48542

Sapkota, S., Regmi, P. P., Pandey, S., Tripathi, B., & Shah, S. K. (2011). Prospects and constraints of formal rice seed systems in Nepal. Agronomy Journal of Nepal, 2, 157-167.

Sendhil Mullainathan, & Philipp Schnabl (2010). Does Less Market Entry Regulation Generate More Entrepreneurs? Evidence from a Regulatory Reform in Peru. In Josh Lerner, & Antoinette Schoar (Ed.), International Differences in Entrepreneurship (pp. 159-177). Chicago, USA: University of Chicago Press.

Sherchan, B. M. (2008, August 18). HYDROPOWER DEVELOPMENT IN NEPAL - THE DEVELOPERS' DILEMMA [Web log post]. Retrieved from http://http://nepaliperspectives.blogspot.com/2008/08/hydropower-development-in-nepal.html

The Kathmandu Post (2010, May 14). The housing business is here to stay. The Kathmandu Post [Kathmandu]. Retrieved from http://www.ekantipur.com/the-kathmandu-post/2010/05/13/corporate/the-housing-business-is-here-to-stay/208266/

The World Bank. (2011). Nepal Economic Update 2011. Retrieved from: http://siteresources.worldbank.org/NEPALEXTN/Resources/223554-1296055463708/NepalEconomicUpdate1192011.pdf

World Bank. (2004). Doing Business in 2004: Understanding Regulation. Washington, DC.

World Bank. (2013). Doing Business 2013: Smarter Regulations for Small and Medium Size Enterprises. Washington, DC.

World Travel & Tourism Council (2013). Travel & Tourism Economic impact 2013 Nepal. Retrieved from http://www.wttc.org/site_media/uploads/downloads/nepal2013_2.pdf

# अनुसूचीहरु

## अनुसुची १ : नेपालमा व्यवसाय गर्दाका व्यवहारिक यर्थाथका लागि परामर्श गरिएका व्यक्तिहरुको सूची

| नाम | संस्था |
|---|---|
| डा. दिलिप अधिकारी | अनुसन्धान गाइड |
| श्री. निकोलस पाण्डे | कार्यकारी निर्देशक,कालिका कन्स्ट्रक्शन |
| श्री. लक्ष्मण श्रेष्ठ | वाणिज्य विभाग |
| श्री. पुष्प नाथ ढकाल | आकाश गंगा माध्यमिक विद्यालय |
| श्री. केशव अधिकारी | ऐग्रो-इन्टरप्राईज सेन्टर |
| श्री. राजु प्रसाद घिमिरे | प्रमुख इन्जिनियर, खानी तथा भुगर्भ विभाग |
| श्री. विघान राणा | विरुवा भेर्न्चस |
| श्री. सुर्दशन बस्नेत | सदस्य, नेपाल युवा उद्यमी संघ |
| श्री. मनिष कुमार अग्रवाल | इम्पलोर्एस काउन्सिल,नेपाल उघोग वाणिज्य महासंघ |
| श्री.सन्तोष भट्टराई | कम्पनी रजिष्ट्रारका वकिल विशेषज्ञ |
| श्री. दिप विक्रम विष्ट | इन्जिनियर |
| श्री. ज्ञानेन्द्र लाल प्रधान | कार्यकारी अध्यक्ष हाइड्रोसोलुस्न |
| श्री. शशी सागर राजभण्डारी | माथिल्लो सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी |
| श्री. देवराज तिमिल्सिना | प्रोप्राइटर, हेटौडा सिड रिपोसीटरी |
| श्री. भानु खतिवडा | प्रोप्राइटर, पुष्प एग्रो सेन्टर |
| श्री. गणेश कुमार बानियाँ | प्रोप्राइटर, काठमाडौ ऐग्रो सेन्टर |
| श्री. विश्वास दिवेदी | शिक्षा व्यवसायी |

# समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
# एक परिचय

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन एक स्वतन्त्र, गैर राजनीतिक, नाफा वितरण नगर्ने शैक्षिक तथा अनुसन्धानमूलक संस्था हो । काठमाँडौस्थित यस फाउण्डेशनले सार्वजनिक नीतिहरुमा सन् २००८ देखि अध्ययन तथा अनुसन्धान गर्दै आइरहेको छ ।

लोकतान्त्रिक मूल्य तथा मान्यता प्रर्वद्धन र नेपालको आर्थिक वृद्धिका विषयमा सक्रिय भएर काम गर्दै आएको यस संस्थाले अर्थ-राजनीतिक सन्दर्भका निम्न चार विषयहरुमा अनुसन्धान तथा प्रकाशन, शिक्षण तथा तालिम लगायत बहस, पैरवी र सार्वजनिक सहभागिताका कार्यक्रमहरु संचालन गर्दछ :

१) उद्यमशीलता विकास
२) व्यवसायिक वातावरणमा सुधार
३) आर्थिक नीति सुधार
४) लोकतन्त्रका विषयमा छलफल तथा बहस

यस संस्थाले आर्थिक समृद्धि संभव बनाउने एक महत्वपूर्ण यन्त्रका रुपमा उद्यमशीलतालाई पहिचान गर्छ । तसर्थ, उद्यमशीलता लगायत माथि उल्लेखित अन्य विषयहरुमा हाते पुस्तक, विभिन्न पाकेटबुक, छलफल पत्रहरु, लेखहरु, सम्बद्ध नीतिहरुको विश्लेषण र उक्त विषलेषणमा आधारित नीति पत्रहरु लगायतका प्रकाशनहरु समृद्धि फाउण्डेशनले निकाल्ने गर्दछ । त्यसै गरी आर्थिक वृद्धिका क्षेत्रमा सन् २०११ मा नेपालको आर्थिक वृद्धि र निजी क्षेत्र तथा सन् २०१२ मा नेपालको आर्थिक वृद्धिका प्रमुख चुनौतीहरुमा केन्द्रित रहेर विभिन्न विज्ञहरुद्वारा विश्लेषण गरी लेखिएका लेखहरुको संग्रहको वार्षिक रुपमा यस संस्थाले प्रकाशन गदर्छ ।

यसबाहेक समृद्धि फाउण्डेशनले नेपालको आर्थिक वृद्धिका विभिन्न पक्षरुमा पनि क्षेत्रगत अध्ययन तथा अनुसन्धान गर्दछ । हरेक वर्ष आर्थिक विकास तथा व्यवसायहरु सम्बन्धी तथ्याङ्कहरु पनि सार्वजनिक गर्ने काम यस संस्थाले गर्दै आइरहेको छ। क्यानडाको फ्रेजर इन्सिटयुटले वार्षिक रुपमा प्रकाशन गर्ने आर्थिक स्वतन्त्रताको विश्व प्रतिवेदन तथा वासिङटनस्थित प्रपर्टी राइट अलायन्सले प्रकाशन गर्ने अन्तराष्ट्रिय सम्पत्तिको अधिकार सम्बन्धी सूचाङ्क तथा अन्य सार्न्दभिक प्रतिवेदन, लेख तथा तथ्याङ्कहरु वार्षिक रुपमा समृद्धि फाउण्डेशनले नेपालमा सार्वजनिक गर्दै आएको छ ।

यी बाहेक सन् २००८ देखि संचालन भईरहेको अर्थतन्त्र तथा उद्यमशीलतासम्बन्धी पाँच दिने आवासीय विद्यालय “अर्थालय”, सफल उद्यमीहरुको सफलताको यात्राको बारे सुन्दै उनीहरुको अनुभवबाट सिक्ने मौका प्रदान गर्ने मासिक कार्यक्रम “उद्यमीसँग महिनाको अन्तिम बिहिबार”, वार्षिक रुपमा यस संस्थाले तयार पार्ने “नेपाल आर्थिक विकास एजेण्डा” आदि यस संस्थाका केही महत्वपूर्ण र परिचित कार्यक्रमहरु हुन् । यसका साथै समृद्धि फाउण्डेशनले “गरी खान देऊ” जस्तो अत्यन्त सफल राष्ट्रिय अभियानको सचिवालय पनि संचालन गर्दछ । विधिको शासन, जीउ धनको सुरक्षा र आफूले रोजेको उद्यम व्यवसायमा स्वतन्त्रतापूर्वक लाग्न पाउने तीन अवस्थालाई गरी खान पाउने देशको पूर्वावस्था मानी यस अभियानले व्यवसायीक वातावरण सुधार गर्नतर्फ जोड दिन्छ ।

थप जानकारीका लागिः
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
४१६, भीमसेनगोला मार्ग, मीनभवन, खरिबोट
पोस्ट बक्स नं. : ८९७३, एन. पि. सी. ६७८
काठमाडौं, नेपाल

फोन : (+९७७ १) ४४६ ४६१६/४४८ ४०१६
फ्याक्स : (+९७७ १) ४४८ ५३९१

इमेलः info@samriddhi.org
वेबसाइट : www.samriddhi.org

# समृद्धिका अन्य प्रकाशनहरु

०१. Towards Enterprise Building in Nepal

०२. Towards Enterprise Building in Nepal (Vol. II)

०३. उद्यमशीलता विकास : हाते पुस्तिका

०४. Economic Growth: a pocketbook series

i. आर्थिक स्वतन्त्रता

ii. उद्यमशीलता विकासमा बजारको भूमिका

iii. बजारका गुणहरु

iv. Role of Rule of Law in Enterprise Building

v. Role of Government in Enterprise Building (Vol. I)

vi. Role of Government in Enterprise Building (Vol. II)

०५. Economic Growth and The Private Sector of Nepal

०६. दासत्वको बाटो (Nepali Translation of "The Road to Serfdom")

०७. Nepal Economic Growth Agenda (NEGA), Report 2012

०८. Critical Constrains to Economic Growth of Nepal

०९. Investment Prospects and Challenges for Hydropower Development in Nepal

१०. Review & Overview of Economic Contribution of Education in Nepal

११. Private Sector Participation in Transport Infrastructure Development in Nepal

१२. Review & Overview of Economic Contribution of Tourism Sector in Nepal

१३. Review of Agriculture Sector & Policy Measures for Economic Development in Nepal

१४. Contract Enforcement: The Practicalities of Dealing with Commercial Disputes in Nepal

१५. Foreign Direct Investment: Towards Second Generation of Reforms

१६. स्वतन्त्र समाजका विचारहरु : एक संग्रह

उल्लेखित प्रकाशनहरु समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन तथा विभिन्न पसलहरुमा उपलब्ध छन ।

'नेपालमा व्यवसाय गर्दाका व्यवहारिक यर्थाथ' नामक यस पुस्तक नेपाल आर्थिक वृद्धि एजेण्डा (अँग्रेजीमा नेपाल इकोनोमिक ग्रोथ ऐजण्डा - नेगा), २०१३ अन्तर्गत तयार पारिएका ६ अनुसन्धान पत्रहरुको श्रृंखलामध्ये एक हो । नेपालको आर्थिक वृद्धिका अल्पकालिन र दीर्घकालिन समस्याहरुलाई वार्षिक रुपमा पहिचान र विश्लेषण गरी समाधानका नीतिगत विकल्पहरु पस्किने यस वार्षिक प्रयासलाई नेपाल आर्थिक वृद्धि एजेण्डा भनिएको हो ।

नेपाल आर्थिक वृद्धि एजेण्डा,२०१२ ले कृषि, शिक्षा, जलविद्युत, यातायातको भौतिक संरचना र पर्यटन गरी ५ वटा क्षेत्रका नीतिगत समस्याहरुलाई पहिचान गरी सम्बोधन गर्ने प्रयास गरेको थियो । त्यसैको यो नयाँ संस्करण, यस नेपाल आर्थिक वृद्धि एजेण्डा,२०१३ले ती ५ वटै क्षेत्रहरुको विकासमा बाधा पुर्याउने साझा मुद्दाहरुको पहिचान र विश्लेषण गरेको छ । नेपाल आर्थिक वृद्धि एजेण्डा, २०१३ अन्तर्गत अध्ययन गरिएका ६ विषयहरु औद्योगिक सम्बन्ध, करार कार्यान्वयन, प्रतिस्पर्धा विरोधी व्यवहार, प्रत्यक्ष वैदेशिक लगानी, सार्वजनिक संस्थान र व्यवसायको लागी नियमनकारी वातावरण हुन् ।

यस अध्ययनमा नेपालमा व्यवसाय गर्दाका व्यवहारिक यर्थाथहरुका विषयमा जानकारी र विश्लेषण प्रस्तुत गरिएको छ र यसो गर्ने क्रममा छनौट गरिएका पाँच क्षेत्रहरुमा एक विषेश उत्पादनको चयन गरी उक्त उत्पादनमा आधारित व्यवसाय गर्दा आइपर्ने चूनौतीहरुलाई विश्लेषणको प्रमुख आधारको रुपमा लिइएको छ । कृषिमा बीउ व्यवसाय, शिक्षामा उच्च माध्यमिक तह बाहेकका विद्यालयहरु संचालनको व्यवसाय, ऊर्जा क्षेत्रमा जलविद्युत सम्बन्धी व्यवसाय गर्दा लाइसेन्स प्राप्त गर्ने प्रक्रिया, भौतिक पूर्वाधारको क्षेत्रमा निर्माण व्यवसाय र पर्यटन क्षेत्रमा टुर र ट्राभ्लस कम्पनीको व्यवसायको समीक्षा यस पुस्तकमा गरिएको छ । अध्ययन र अनुसन्धानबाट आएका निष्कर्षहरुका आधारमा नेपालमा व्यवसाय गर्ने वातावरण सुधार गर्नुका लागि गर्नुपर्ने आवश्यक पहलहरुकाबारे पनि यस पुस्तकमा सुझावहरु दिइएको छ ।

samriddhi
THE PROSPERITY FOUNDATION

**समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन**

पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिम्सेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाण्डौ, नेपाल
फोन: (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फयाक्स: (९७७)-१-४४८-५३९१
ईमेल: info@samriddhi.org

www.samriddhi.org